का.जि.प्र.का.द.नं. १००/०५९/६०

१३ फागुन २०८०,
आइतबार
25 February 2024,
Sunday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

वर्ष २२, अंक १२ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# पुनः वाम एकताको पहलकदमी !

प्रचण्ड, माधव नेपाल, उपेन्द्र यादव र विप्लव आवद्ध समाजवादी मोर्चाले पुनः एमालेसमेतको वाम एकताका लागि पहलकदमी थाल्ने संकेत गरेको छ ।





अब समाजवादी मोर्चाको तर्फबाट एमालेसहित नेकपा मशाल, मोहन वैद्य किरण, आहुती, ऋषि कट्टेल लगायत सबैले नेतृत्व गरेको पार्टीसँग संवाद हुनेछ ।

**अनिल शर्मा (बिरही)**
**नेता, नेकपा**

**आरके डिसी/मध्यान्ह**
काठमाडौं, १२ फागुन ।

नेपालमा पुनः वाम एकताको पहलकदमी शुरु भएको छ । शनिबार बसेको समाजवादी मोर्चाले सबै कम्युनिस्ट पार्टीहरुसँग सहकार्य र एकता गर्नुपर्ने निष्कर्ष निकालेको हो ।

२०७४ सालमा भएको चुनावमा वाम तालमेल गर्दै नेकपा एमाले र नेकपा माओवादी केन्द्रले २०७५ मा पार्टी एकता गरेर नेपाल कम्युनिस्ट पार्टी बनाएका थिए । तर उक्त एकता सर्वोच्च अदालतको फैसलासँगै भंग हुन पुगेको थियो । पार्टीभित्रको अन्तरद्वन्द्वका कारणले समेत उक्त एकताले निरन्तरता पाउन सकेन । बरु त्यही नेकपा हाल तीन वटा पार्टीको रुपमा संसदमा प्रतिनिधित्व गरिरहेको छ ।

पछिल्लो समय तत्कालीन नेकपामा रहेको पुष्पकमल दाहाल प्रचण्डले नेतृत्व गर्दै आएको माओवादी केन्द्र, माधवकुमार नेपालले नेतृत्व गर्दै आएको एकीकृत समाजवादीले समाजवादी मोर्चा बनाएर कम्युनिस्ट एकताको पहल जारी राखेका छन् । समाजवादी मोर्चामा हाल उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी र नेत्रविक्रम चन्द नेतृत्वको नेकपा समेत छन् । हाल चार दल रहेको यो समाजवादी मोर्चाले >>> पृष्ठ २ मा




# कांग्रेसमा फैलिँदै धर्मको आवाज

संसद्को सवैभन्दा ठूलो दल नेपाली कांग्रेसभित्र धर्मको आवाज थप बलशाली बनेर गएको छ । त्यसको उदाहरण हो- गोदावरी महासमिति बैठकको दृष्य ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १२ फागुन ।

चार दिनसम्म चलेको नेपाली कांग्रेसको महासमिति बैठकले कुनैपनि प्रष्ट निर्णय लिन सकेन । उपसभापति पूर्णबहादुर खड्काले पेश गरेको नीति प्रतिवेदन, महामन्त्री गगन थापाको सांगठानिक र अर्का महामन्त्री विश्वप्रकाश शर्माको राजनीतिक प्रतिवेदनमाथि छलफल भएपनि निर्णय लिन सकेन ।

१० फागुनमा सभापति शेरबहादुर देउवाले संशोधन सहित केन्द्रीय कार्य समितिबाट प्रतिवेदनहरु पारित हुने निर्णय सुनाए । तर यी तीन वटै प्रतिवेदनमाथि महासमितिका प्रतिनिधिहरुले छलफल गरे । विशेषगरी महामन्त्री थापाको प्रतिवेदनमा महासमिति केन्द्रीत भयो । महामन्त्री थापाले आगामी चुनावमा कांग्रेसले अरु दलसँग गठबन्धन गर्न नहुने संकल्प महासमितिबाट पारित गर्नुपर्ने प्रस्ताव पेश गरेका थिए ।




तर सभापति देउवा गठबन्धनबारे कुनै निर्णय नलिने अडानमा रहे । महासमितिका ठूलो पंक्तिले महामन्त्री थापालाई साथ दिएका थिए । कसैसँग गठबन्धन नगर्ने प्रस्ताव पेश हुँदा महासमिति हलमा उत्साहका साथ ताली बजाइएको थियो । तर सभापति देउवा विपक्षमा रहँदा महामन्त्री थापाको प्रस्ताव पारित भएन ।

महामन्त्री थापासँगै अरु प्रतिवेदनबारे पनि प्रष्ट निर्णय हुन सकेन । बरु केन्द्रीय सदस्य शंकर भण्डारीले ल्याएको धर्मको प्रस्तावले आफ्नो आकार >>> पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# अन्तर्राष्ट्रिय श्रम बजार नेपालीका लागि दुर्लभ बन्दै

**मध्यान्ह संवाददाता**
काठमाडौं, १२ फागुन

भारतीयहरुले सहजरुपमा पहुँच पाएको अन्तर्राष्ट्रिय श्रम बजार नेपालीका लागि भने दुर्लभ बनेको छ । युद्ध पूर्णरुपमा समाप्त नहुँदै ठूलो संख्यामा कृषि कामदार इजरायल पठाएको भारतले केही दिनअघि ठूलो संख्यामा कामदार पठाउने विषयमा ताइवानसँग पनि सम्झौता गरेको छ ।

अर्थतन्त्र पूर्णतया रेमिट्यान्सका भरमा अड्याइरहेको नेपाल सरकार र वैदेशिक रोजगारका विषयमा नीतिगत निर्णय गर्ने श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय भने सम्भावना रहेका इजरायल र ताइवान वा युरोपेली क्षेत्रमा नयाँ श्रम गन्तव्य खोज्नुभन्दा परम्परागत श्रम गन्तव्य मलेसिया र खाडी मुलुकमा कामदार पठाएको संख्या गनेर बेहोसीमा




नै रमाइरहेको जस्तो अवस्थामा देखिएको छ ।

भारतले ताइवानसँग सेमिकन्डक्टर उत्पादनका क्षेत्रमा ठूलो संख्यामा कामदार पठाउन सम्झौता गरेको छ । सेमिकन्डक्टर उत्पादनका लागि प्रसिद्ध ताइवानमा हाल ७ लाख विदेशी कामदार रहेका छन् । ताइवानमा हाल भियतनाम, इन्डोनेशिया, फिलिपिन्स र थाइल्याण्डबाट ठूलो संख्यामा विदेशी जाने गरेका छन् । ताइवानले सेमिकन्डक्टरसहित भवन निर्माण र केयर गिभरका क्षेत्रमा विदेशी कामदार प्रयोग गरिरहेको छ ।

ताइवानको श्रम मन्त्रालयका अनुसार पुनर्निर्माण, निर्माण र कृषि क्षेत्रमा विदेशी कामदारको माग उच्च रहेको छ । ताइवानमा नेपालबाट भने सीमित संख्यामा सुरक्षागार्डको रोजगारीमा कामदारहरु गएका छन् । भारतले पहिलोपटक पाइलट प्रोजेक्टअन्तर्गत केही कामदार पठाउने र त्यसपछि ठूलो संख्यामा कामदार पठाउने तयारी गरिरहेको भारतीय सञ्चारमाध्यमहरुमा समाचार छ ।

ताइवानपछि रोजगारीको राम्रो सम्भावना भएको, तर नेपाल कामदार पठाउने विषयमा अलमलिएको क्षेत्र हो इजरायल । गाजा क्षेत्रमा इजरायल-हमासबीच लडाइँ चलिरहेका बेला पनि ठूलो संख्यामा भारतीयहरुले इजरायलमा रोजगारीका लागि आवेदन गरेका छन् । अघिल्लो वर्ष इजरायल र भारतबीच भएको सम्झौताअनुसार ४२ हजार भारतीय इजरायलको निर्माण र नर्सिंङ क्षेत्रमा गएका थिए ।

यसका अतिरिक्त भारतले अर्को युद्धरत मुलुक रुसमा पनि कृषि कामदार पठाउने विषयमा गहन छलफल गरिरहेको भारतीय सञ्चारमाध्यमहरुले >>> पृष्ठ २ मा

# सभामुखको गम्भीर टिप्पणी

**शिव विक/मध्यान्ह**
काठमाडौं, १२ फागुन ।

प्रतिनिधि सभाका सभामुख देवराज घिमिरेले स्वास्थ्य बीमा कार्यक्रम आफैं भ्रष्टाचारको माध्यम बनिरहेको भनी गम्भीर टिप्पणी गरेका छन् । 'स्वास्थ्य बीमा कार्यक्रम ल्याइसकेपछि मेरो अनुभूति छ- स्वास्थ्य जाँच गर्न जाने, बिरामी भएपछि अस्पताल जाने, त्यसले दिएको सुविधाअनुसार औषधि उपचार गर्ने यो प्रक्रियाका राम्रोसँग विकास हुन थालेको छ । तर यो एउटा भ्रष्टाचारको माध्यम पनि बनिरहेको छ' सभामुख घिमिरेले सार्वजनिक रुपमा भनेका छन् ।

राज्यका तीन अंग मध्ये नीति बनाउने व्यवस्थापिकको नेतृत्व गरिरेका सभामुख घिमिरेले शनिवार सार्वजनिक रुपमै यस्तो बताएका हुन् । राजनीतिक दल र जनपतिनिधिहरुको चेतनाको अभावका कारण स्वास्थ्य बीमा कार्यक्रम भ्रष्टाचारको माध्यम बन्न गएको उनको भनाई थियो ।



स्वास्थ्य बीमा कार्यक्रम ल्याइसकेपछि मेरो अनुभूति छ- स्वास्थ्य जाँच गर्न जाने, बिरामी भएपछि अस्पताल जाने, त्यसले दिएको सुविधाअनुसार औषधि उपचार गर्ने यो प्रक्रियाका राम्रोसँग विकास हुन थालेको छ । तर यो एउटा भ्रष्टाचारको माध्यम पनि बनिरहेको छ ।

**देवराज घिमिरे**
**सभामुख**

सभामुखले नीतिगत रुपमा गलत भइरहेको जानकारी हुँदा सिधै चासो राख्न सक्छन् । संसदमार्फत् सरोकारवाला निकायलाई निर्देशन दिन सक्छन् । आशंका भए जवाफ माग्न सक्छन् । तर उनले गलत भइरहेको भन्ने आफ्नो जानकारीमा रहेको भनी सार्वजनिक रुपमा टिप्पणी गरेका हुन् ।

राष्ट्रियसभा अन्तर्गतको राष्ट्रिय सरोकार तथा समन्वय समितिले शनिबार संसद भवन नयाँ वानेश्वरमा आयोजना गरेको नेपालमा क्यान्सर रोगको अवस्था र जनप्रतिनिधिको भूमिका विषयक अन्तरक्रियामा बोल्दै सभामुख घिमिरेले राजनीतिक दल र जनप्रतिनिधिहरूले मसिनोसँग ख्याल गर्दा त्यस्ता कार्यक्रमहरूमा हुने भ्रष्टाचारलाई नियन्त्रण गर्न सकिने पनि बताएका छन् ।

तर कहाँ र कसरी भ्रष्टाचार भइरहेको भन्नेमा उनले विस्तृत व्याख्या गरेनन् । उनले भनेका छन्, 'स्वास्थ्य बीमालाई ठिक ढंगले प्रयोग गर्ने बारेमा जनप्रतिनिधि र राजनीतिक संघ, संस्थाहरूकै >>> पृष्ठ २ मा

# व्यवसायीले काठ खरिद गर्न छाडेपछि जंगलमै सडेर जाने सम्भावना

**सरु भुसाल/मध्यान्ह**
अर्घाखाँची, ११ फागुन



काठको राजस्व र मूल्य बढेसँगै व्यापारीहरुले काठ खरिद बिक्री नगर्दा राजश्वमा कमि आएको छ। नेपालमा काठको परिमाणका लागि लम्बाई, गोलाई र गुणान गर्दै दुई हजार तीन सय सातले भाग गर्ने विगतमा चलन थियो । काठको परिमाणका लागि प्राविधिकहरुले यो सुत्र प्रयोग गर्दै काठ नापजाँच गर्दै आएका थिए ।

नेपालका राष्ट्रिय वन तथा सामुदायिक वनहरुले यो सुत्रको प्रयोगबाट आउने परिमाणको काठ बिक्री सहज ढंगले गर्ने गरेका थिए । तर, संघीय वन मन्त्रालयले काठको लम्बाई, गोलाई र गोलाईको गुणान गर्दै एक हजार आठ सय आठले भाग गर्ने नयाँ सुत्र लागु गरेपछि काठको बिक्री वितरणमा निकै ठूलो गिरावट आउँदा व्यवसायीहरु मर्कामा परेको र काठ उठाउने अवस्था नरहेको दीक्षा सहमिल बुटवलका सञ्चालक वरिष्ठ व्यवसायी हिरा बहादुर केसीले गुनासो गरे ।

मन्त्रालयले नयाँ सुत्रले काठको परिमाण वृद्धि गरेसँगै काठको राजस्वको मूल्य समेत बढाएपछि काठको व्यापारमा कमि भएको व्यवसायी हिरा केसी गुनासो गर्छन् । अर्घाखाँची वन पैदावार उद्योग व्यवसायी संघका वरिष्ठ उपाध्यक्ष समेत रहेका केसीले विदेशी काठको मूल्य भन्दा नेपाली काठको मूल्य धेरै भएकोले काठ खरिदबिक्री गर्ने अवस्था नभएको बताए ।

केसीका अनुसार नेपाल सरकारले लागु गरेको नयाँ सुत्रमा काठको मूल्य झन् बढाएको कारण बिक्रीवितरण कम भएको छ ।

नेपाल सरकारले काठको परिमाण वृद्धि हुने गरी नयाँ सुत्र लागु गरेपछि काठको मूल्य समेत बढेको हो । लुम्बिनी प्रदेशमा यो वर्ष प्रदेशका धेरै व्यवसायीहरुले काठ खरिद गर्न नसक्दा जंगलमा काठ सडेर जाने सम्भावना भएको केसीले बताए ।

अर्का काठ व्यवसायी बिष्णु खनालले सरकारले गरेको निर्णय अनुसार काठको २२ प्रतिशत परिमाण बढेको बताए । नयाँ एक क्यूफिटको अब एक दशमलव २२ पर्ने र रोयल्टी पनि बढी पर्ने उनको भनाइ छ ।

उपभोक्ताले पनि काठको मूल्य बढी तिर्नुपर्ने र अब कसरी काम गर्ने भन्दै उनले प्रश्न गरे ।

अन्तर्राष्ट्रिय मापदण्डमा नभएको सुत्र संघीय वन मन्त्रालयका कर्मचारीले पास गरेका कारण काठ व्यवसायीहरु व्यवसाय गर्ने अवस्थामा नभएको खनालको गुनासो छ । खनालका अनुसार नेपाली काठलाई बजारमा आउन नदिन काठको मूल्य वृद्धिका लागि नयाँ सुत्र लागु गरेको हुन सक्ने आशंका व्यवसायीले गरेका छन् । संघीय वन मन्त्रालयका कर्मचारीको सिफारिसमा नयाँ सुत्र लागु भएको बताइन्छ । प्रदेश सरकार मातहतमा रहेका वनका कर्मचारीले संघीय वन मन्त्रालयको निर्देशनको पालना गर्नुपर्ने बाध्यता भएको लुम्बिनी प्रदेश वन मन्त्रालयका सचिव मोहन काफ्ले ले बताए ।

कपिलवस्तु बनगाईंका काठ व्यवसायी सुदिप रायमाझीले नयाँ सुत्र अनुसार काठको मात्रा बढ्ने बताए । उनले भने, 'नेपाली काठ महंगो भयो । परिमाणसँगै रोयल्टी बढेको छ । रोयल्टी बढेपछि काठको मूल्य पनि बढेको छ । किन्ने अवस्थामा छैनौं । हामी निकै मर्कामा परेका छौं । हाम्रो भनाइ कसले सुन्ने ?'

जंगलमा रहेको काठ बिक्रीको प्रक्रिया पूरा भएपनि सरकारले काठको परिमाण वृद्धि गरेपछि व्यसायी हैरान भएको काठ व्यवसायी पवन अर्यालको गुनासो छ । कर्मचारीहरुले विदेशबाट आयात हुने काठलाई बढवा दिन नेपाली काठको परिमाण र मूल्य वृद्धि गरेको काठ व्यवासयी हिम्मत पोखेलको आरोप छ । यस विषयमा संघीय वन मन्त्रालयका सचिव डाक्टर दिपक कुमार खरालेसँग सम्पर्क गर्दा उनले सुत्र लागू भएपछि हटाउन निकै कठिन हुने बताए । उनले यो सरकारले लागू गरिसकेपछि मन्त्रिपरिषदले मात्रै फुकुवा गर्न सक्ने प्रावधान रहेकोले यो तत्काल सम्भव नभएको बताए ।

# रुकुम पूर्वमा मिडिया साक्षरता कार्यक्रम सम्पन्न

**सुर्य प्रकाश बुढा मगर/मध्यान्ह**
रुकुम पूर्व, १२ फागुन




रुकुम पूर्वको रुकुमकोटमा शनिबार मिडिया साक्षरता कार्यक्रम सम्पन्न भएको छ । नेपाल पत्रकार महासंघ लुम्बिनी प्रदेश समितिको आयोजना र लुम्बिनी प्रदेश गृह मन्त्रालयको सहयोगमा मिडिया साक्षरता कार्यक्रम आयोजना गरिएको हो। नेपाल पत्रकार महासंघ लुम्बिनी प्रदेश समितिका अध्यक्ष वसन्त गिरीको अध्यक्षतामा भएको मिडिया साक्षरता कार्यक्रम समापन समारोहका प्रमुख अतिथिमा वरिष्ठ पत्रकार तथा प्रशिक्षक जनार्दन घिमिरे रहेका थिए ।

नेपाल पत्रकार महासंघ जिल्ला शाखा रुकुम पूर्वका अध्यक्ष मैत्या घर्ती मगर, नेपाल पत्रकार महासंघ जिल्ला शाखा रोल्पाका अध्यक्ष नवीन लोचन मगर, लुम्बिनी प्रदेशका अध्यक्ष तथा नेपाल पत्रकार महासंघ जिल्ला शाखा रोल्पाका निवर्तमान अध्यक्ष मानसिङ विश्वकर्मा, नेपाल पत्रकार महासंघ जिल्ला शाखा रोल्पाका निवर्तमान अध्यक्ष महेश न्यौपाने, प्रेस सेन्टर रुकुम पूर्वका अध्यक्ष सर्जना कार्की, प्रेस युनियन रुकुम पूर्वका अध्यक्ष चेत कुमार विसी, प्रेस चौतारी रुकुम पूर्वका अध्यक्ष माधव केसी, प्रेस सेन्टर रोल्पाका अध्यक्ष देवी गुरुङ, प्रेस युनियन रोल्पाका अध्यक्ष लोकेन्द्र चन्दलगायतको आतिथ्यता रहेको थियो ।

प्रेस सेन्टर लुम्बिनी प्रदेशका अध्यक्ष तथा नेपाल पत्रकार महासंघ जिल्ला शाखा रोल्पाका निवर्तमान अध्यक्ष मानसिङ विश्वकर्माले लामो समयको संघर्षपछि लुम्बिनी प्रदेशको एक मात्र हिमाली जिल्ला रुकुम पूर्वमा नेपाल पत्रकार महासंघको शाखा स्थापना गर्न सफल भएको बताए । उनले रुकुम पूर्व जिल्ला नेपालको कान्छो जिल्ला भएको जिकिर गर्दै छिट्टै जग्गाको व्यवस्था गरी नेपाल पत्रकार महासंघ जिल्ला शाखा रुकुम पूर्वको भवन स्थापना गर्न पहल गर्ने बताए ।

नेपाल पत्रकार महासंघ जिल्ला शाखा रोल्पाका निवर्तमान अध्यक्ष महेश न्यौपानेले निरन्तर मेहनत गरे पत्रकारिता क्षेत्रमा दुई वर्षमै फड्को मार्न सकिने बताउँदै अहिले सिक्दै गरेका पत्रकार भोलिका क्षमतावान पत्रकार बन्न सक्ने बताए । रोल्पा जिल्लाबाट सहभागी भएका पत्रकार घनश्याम केसीले तालिम निकै प्रभावकारी र सिक्न लायक भएको बताँउदै नौलो ठाउँमा आएर यहाँका मिडियाकर्मी र पत्रकारहरुसँग प्रत्यक्ष भेटघाट गर्न र नजिकबाट चिन्ने अवसर मिलेको बताए ।

रुकुम पूर्व जिल्लाबाट सहभागी पत्रकार उर्मिला गौतमले पहिलो पटक रोल्पा र रुकुम पूर्व जिल्लाका पत्रकारहरुलाई चिन्न र एकअर्कालाई अनुभव सुनाउने अवसर मिलेको बताउँदै आयोजक नेपाल पत्रकार महासंघ लुम्बिनी प्रदेश समिति र लुम्बिनी प्रदेश गृह मन्त्रालयलाई धन्यवाद व्यक्त गरिन् । मिडिया साक्षरता कार्यक्रम शुक्रबार र शनिबार गरी दुई दिनसम्म चलेको आयोजकले जानकारी दिएको छ ।

रुकुम पूर्वको रुकुमकोटमा मिडिया साक्षरता कार्यक्रम पाँचौं पटक भएको नेपाल पत्रकार महासंघ लुम्बिनी प्रदेश समितिले जनाएको छ । शुक्रबारदेखि शुरु भएको कार्यक्रममा रुकुम पूर्व जिल्ला र रोल्पा जिल्लाका विभिन्न मिडिया तथा राष्ट्रिय मिडियामा आवद्ध करिब ४१ जना पत्रकारहरुको सहभागिता रहेको थियो ।

रुकुम पूर्व जिल्ला लुम्बिनी प्रदेशको एक मात्र हिमाली जिल्ला र गाउँपालिका मात्र भएको जिल्ला हो । नेपाल पत्रकार महासंघ लुम्बिनी प्रदेश समितिले १२ जिल्लाका सञ्चारकर्मी र पत्रकारहरुलाई एकै ठाउँमा केन्द्रित गरेर कार्यक्रम गर्दा भौगोलिक हिसावले टाढा हुने र मिडियामा कम जनशक्ति भएकाले त्यसलाई मध्यनजर गरी दुई जिल्लालाई समावेश गरी कार्यक्रम आयोजना गरिएको हो । मिडिया साक्षरता कार्यक्रम समापन समारोह कार्यक्रमको सञ्चालन नेपाल पत्रकार महासंघ लुम्बिनी प्रदेश समितिका महासचिव विक्रम खड्काले गरेका थिए ।

# फतुवा बिजयपुरमा दादुरा, रुबेला खोपसम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न

**कृष्ण तिवारी/मध्यान्ह**
रौतहट, १२ फागुन



रौतहटको फतुवा बिजयपुर नगरपालिका स्वास्थ्य शाखाको आयोजनामा एकदिने दादुरा, रुबेला खोपसम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ। शुक्रबार नगरपालिका स्वास्थ्य शाखले रोग रोकथाम तथा नियन्त्रण गर्न दादुरा, रुबेला खोप अभियानका लागि अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेको हो ।

नगरपालिका स्वास्थ्य शाखाले दादुरा, रुबेला खोपसम्बन्धी स्वास्थ्यकर्मी, जनप्रतिनिधि, प्रधानाध्यापक तथा सञ्चारकर्मीलाई एकदिने अभिमुखीकरण तालिम दिएको हो । उक्त कार्यक्रममा जनस्वास्थ्य कार्यालयका खोप अधिकृत हरेन्द्र गुप्ताले सहजीकरण गर्दै यस रोगको रोकथामका लागि सबैले चाँसो देखाएर लाग्नुपर्ने बताए । सो क्रममा उनले दादुरा, रुबेला रोगको परिचय लक्षण तथा नियन्त्रणबारे जानकारी गराएका थि ।

नगरपालिकाको सबै स्वास्थ्य शाखामा यो खोप कार्यक्रम सञ्चालन भइरहेको बताउँदै स्वास्थ्य शाखा प्रमुख प्रमोद गुप्ताले दादुरा, रुबेला खोप सेवासम्बन्धी प्रभावकारी व्यवस्थापनका साथै खोपको कभरेज बढाउने जानकारी दिए। उनले दादुरा, रूबेला रोकथाम तथा नियन्त्रणका लागि खोप अभियान सञ्चालन गरिने बताए ।

खोप अभियान व्यवस्थापनका लागि गरिने उचित क्रियाकलापहरु बारेमा कार्यक्रममा सहभागी स्वास्थ्यकर्मी, जनप्रतिनिधि, प्रधानाध्यापक तथा सञ्चारकर्मीहरुलाई जानकारी गराइएको हो। स्वास्थ्यकर्मी रमेश यादवले सञ्चालन गरेको कार्यक्रममा कार्यवाहक नगरप्रमुख अम्बेया खातुन, वडा अध्यक्षहरु, प्रधानाध्यापकहरु र सञ्चारकर्मीहरुको उपस्थिति रहेको थियो ।

# बर्दियामा आफ्नो पुस्तक बेच्दै डा. पुन

**सन्तोष पौडेल/मध्यान्ह**
बर्दिया, १२ फागुन



पूर्व-पश्चिम महाअभियानका क्रममा रहेका राष्ट्रिय आविष्कार केन्द्रका अध्यक्ष डा. महावीर पुन यतिखेर बर्दियामा छन् । राष्ट्रिय आविष्कार केन्द्रको सहयोगार्थ आफ्नो आत्मकथा 'महावीर पुनः सम्झना, सपना र अविरल यात्रा' नामक पुस्तक बिक्री गर्दै सुदुरपश्चिमको कैलाली हुँदै पुन बर्दिया आइ पुगेका हुन् ।

शुक्रबार राजापुर नगरपालिका र गेरुवा गाउँपालिकासहित राजापुर क्षेत्रका विभिन्न चोक चौराह र राजापुर शान्तिवजार, मानपुर टपरा बजार लगायतका बजारहरुमा उनले पुस्तक बिक्री गरेका थिए । शनिबार ठाकुरबाबा नगरपालिका र मधुवन नगरपालिकासहित भुरीगाउँ, वगनाह र लालिबजारमा पुस्तकहरु बिक्री गरिएको छ। पुस्तक बिक्रीका लागि बर्दियाका सबै स्थानीय तहमा पुग्ने उनको योजना छ। ३० वर्षदेखि बन्द रहेको वीरगञ्ज कृषि औजार कारखाना सञ्चालनका निमित्त सहयोग जुटाउने अभियान अनुरूप डा. पुन यस अभियानमा लागेका हुन् । 'नौ महिनाको समय लगाएर बन्द रहेको कारखानालाई मर्मत गरी सञ्चालन गर्ने वातावरण बनाएको छौं,' उनले भने, 'औजार उत्पादनका लागि आर्थिक स्रोत जुटाउन पुस्तक प्रकाशित गरी बिक्री अभियानमा लागेको छु ।'

नेपालका प्रतिभालाई स्वदेशमा राखेर सहयोग गर्ने र उद्यमी बनाउने लक्ष्यअनुरुप राष्ट्रिय आविष्कार केन्द्र स्थापना गरेको पुनले बताए । उनका अनुसार युवा प्रतिभाले उद्योग कलकारखाना खोलुन्, रोजगारीको सिर्जना गरुन र अर्थतन्त्र सबल बनाउन लागुन् भन्ने मुख्य उद्देश्य राष्ट्रिय आविष्कार केन्द्रको हो ।

**ठाकुरबाबाले किन्यो एक लाखको पुस्तक**

बर्दियाको ठाकुरबाबा नगरपालिकाले एक लाख रुपैयाँको 'महावीर पुनः सम्झना, सपना र अविरल यात्रा' नामक पुस्तक खरिद गरेको छ ।

राष्ट्रिय आविष्कार केन्द्रको सहयोगार्थ पूर्व-पश्चिम महाअभियानका क्रममा पुस्तक बिक्री गर्दै ठाकुरबाबा नगरपालिका पुगेका डा.महावीर पुनसँग पुस्तक खरिद गरिएको हो ।

मेयर राहत कोषबाट खर्च हुनेगरी पुस्तक खरिद गरिएको ठाकुरबाबा नगरपालिकाले जनाएको छ । नगरपालिकाबाट पाउने पारिश्रमिकलगायत कुनै पनि सेवा वा सुविधा आफूले नलिइ मेयर राहत कोषमा जम्मा गर्ने गरेका ठाकुरबाबा नगरपालिकाका प्रमुख तिलक लम्सालले सो राहत कोषमा जम्मा भएको रकम सामाजिक सेवामा खर्च गर्दै आएका छन्।

पुनको अभियानमा एउटा ईटा थप्न पुस्तक खरिद गरिएको बताउँदै प्रमुख लम्सालले खरिद गरिएका पुस्तकहरु नगरपालिकाभित्र रहेका विद्यालय तथा पुस्तकालयहरुमा उपलब्ध गराइने बताए ।

# रक्तदाताहरुलाई सम्मान

**मनोज साह/मध्यान्ह**
रौतहट, १२ फागुन




२०६ पटक रक्तदान गर्ने स्व.अर्जुन प्रसाद मैनालीको १३ औं पुण्यतिथिको अवसरमा रौतहटको चन्द्रनिगाहपुरमा रक्तदाताहरुलाई सम्मान गरिएको छ। चन्द्रपुर हस्पिटल प्रा.लि चन्द्रनिगाहपुर र चन्द्रोदय बचत तथा ऋण सहकारी संस्थाको पहलमा खोलिएको आकस्मीक रक्तसंचार कोषले स्वर्गिय मैनालीको पुण्यतिथिको अवसर पारेर शनिबार आकस्मिक रक्तदाताहरुलाई सम्मान गरेको हो । सो कार्यक्रममा बोल्दै चन्द्रपुर हस्पिटल प्रा.लिका प्रमुख डा. सुभाष चौधरीले विश्वभरी पुगेर २०६ पटक रक्तदान गरेर किर्तिमान बनाएका मैनाली विभिन्न अवार्डबाट समेत सम्मानित भएका थिए ।

गौर अस्पतालमा कार्यरत रहँदा सुत्केरी महिलालाई रगत दिएको विषय प्रकाशमा आएपछि उनीसँग चिनजान भएको डा.चौधरीले बताए । स्वार्गिय मैनाली रक्तदानका उत्प्रेरण समेत रहेको उनले उल्लेख गरे । मानव वा प्रकृतिबाट घटेका हरेक प्रकारको विपत्तिले मानिसको जीवनमा भयावह क्षति पुऱ्याउँछ र त्यस्तो अवस्थाबाट पीडितलाई उद्धार गरी जीवन रक्षा गर्नु रेडक्रसको दायित्व भएको रेडक्रस सोसाइटी चन्द्रपुर उपशाखाका सभापति श्रीकृष्ण अधिकारीले बताए ।

सेवा नै धर्म हो भन्ने मुल मन्त्रलाई आम नागरिकले भुल्न नहुने सभापति अधिकारीको भनाइ छ । त्यसैले रेडक्रसले मानवीय सेवासँग विभिन्न क्षेत्रमा काम गरिरहेको उनले बताए । रेडक्रस चन्द्रपुर उपशाखाले विपदको समयमा राहत वितरणको कार्य तथा अन्य सामाजिक कार्यमा समेत सहयोग गर्दै आएको उनले बताए ।

यसैगरी चन्द्रोदय बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष तथा रक्तसंचार कोषका सञ्चालक बसन्त कुमार आचार्यले यहाँका सहकारी संस्थाले रक्तदान कार्यक्रममा जोड दिएको बताए । सामाजिक उतरदायित्व अन्तर्गत सहकारीले रक्तदानका कार्यक्रम गर्दै आएको उल्लेख गर्दै यसप्रति उत्प्रेरणा जगाउन सहकारीको भूमिका महत्वपूर्ण रहेको उनले बताए ।

कार्यक्रममा नेपाल रेडक्रस सोसाइटीका संजय कार्की र राजु तिवारीले समेत मन्तव्य राखेका थिए।

धेरै पटक रक्तदान गर्ने तथा आकस्मिक रक्तदाता बालकृष्ण श्रेष्ठ, भरत आचार्य, दिवाकर सापकोटा, पवन भट्ट, राजकुमार ठोकर, विधान कार्की, सुवोध कोईराला र लक्ष्मण कोईराला लगायतलाई सम्मान गरिएको छ । कार्यक्रममा उपस्थित भएकाहरुले स्वर्गिय मैनालीको तस्बिरमा माल्यार्पण गर्नुका साथै मौन धारणा समेत गरेका थिए ।

नेपालको काभ्रेपलाञ्चोक जिल्लाको कोर्थुम्कामा जन्मिएका मैनालीले १९ वर्षको उमेरमा अर्थात् २०४४ सालमा पहिलो पटक रक्तदान गरेका थिए । त्यसयता उनले बर्सेनी कम्तीमा पनि तीन चार पटक रक्तदान गर्थे । उनले सन् २०१४ मा १९ पटक र २०१५ मा १७ पटक रक्तदान गरेका थिए । अमेरिकाको क्यालिफोर्नियादेखि अलास्का र न्यूयोर्कदेखि नर्थ क्यारोलिनासम्म उनले दर्जनौं पटक रक्तदान गरेको र हाइटी, केन्या, मलावी, इथियोपिया, रुवाण्डा, युगाण्डा, इक्वेडरजस्ता गरिब र अल्प विकसित देश एवम् आयरल्याण्ड, क्यानडा, अष्ट्रेलिया, बेलायत, मकाउजस्ता विकसित देशमा पुगेर पनि रक्तदान गरेका थिए। अमेरिकामा बस्दै आएका मैनालीले त्यहाँको नर्थ क्यारोलिनास्थित लट्टा नेचर प्रिजर्भस्थित पार्कमा गएको माघ २९ गते आत्महत्या गरेका थिए।

# मोना कतारले गऱ्यो महासचिव शर्माको बिदाइ



**दोहा/मस–** म्याग्दी प्रवासी नेपाली संघ (मोना) कतारले २०२३/२५ कार्यसमितिका महासचिव गृह प्रसाद शर्मा (कृष्ण)लाई संस्थागत बिदाइ गरेको छ । सात वर्ष लामो कतारको बसाइ बिट मारेर स्वदेश फर्किन लागेका शर्मालाई शुक्रबार बिहान एक कार्यक्रमकाबीच दोसल्ला ओढाएर मायाको चिनो प्रदान गर्दै आजीवन सदस्यता कदरसहित सम्मान गरेर बिदाइ गरिएको हो ।

वैदेशिक रोजगारीका क्रममा कतारमा रहँदा केही वर्ष पहिले मात्र मोना कतारमा आवद्ध रहेर सामाजिक कार्यमा सक्रिय रहेका शर्माले मोना कतारसँग प्रत्यक्ष जोडिएर थप सामाजिक कार्यहरू गर्ने मन हुँदा हुँदै बसाइलाई टुंग्याउनु परेको बताए । उनले आफूले संस्थामा आवद्ध भएर पूर्व मेचीदेखी पश्चिम महाकालीसम्मका मानिससँग चिनजान र मित्रवत् सम्बन्ध विस्तार गर्न पाएको र त्यसको श्रेय मोना कतारलाई जाने बताए । उनले आफू जहाँ रहेपनि मोनाको अभियानमा जोडिने प्रतिबद्धता व्यक्त गरे ।

संघका का.वा.अध्यक्ष बाबुराम भण्डारीको अध्यक्षता, मोना कतार बहुउद्देश्यीय अक्षयकोषका अध्यक्ष विक्रम कार्कीको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा बोल्दै प्रमुख अतिथि कार्कीले मोना कतार सामाजिक क्षेत्रमा अगाडि बढ्न पहिचान बनाउने पहिलो घर रहेको हुँदा भविष्यमा जुन देशमा जहाँ पुगे पनि कतारमा आर्जेको सामाजिक प्रतिष्ठाको ख्याल गर्न आग्रह गरेका थिए ।

संघका प्रमुख सल्लाहकार नरेन्द्र फगामीसहित अन्य पदाधिकारीहरूले शर्मालाई सुखमय जीवनको कामना गर्दै शुभकामना दिएका थिए। उपाध्यक्ष हेम बानियाले स्वागत मन्तव्य राखेको कार्यक्रमको समापन गर्दै सभापति भण्डारीले जुझारु महासचिवलाई संस्थाले बिदाइ गर्नु पर्दा असहज लागे पनि मातृभूमि फर्कने भन्दा खुसी लागेको बताए ।

# रेडक्रस सोसाइटी रौतहट शाखाको छैटौं वार्षिक साधारण सभा सम्पन्न

**राम एकवाल साह/मध्यान्ह**
रौतहट, १२ फागुन

नेपाल रेडक्रस सोसाइटी रौतहट शाखाको छैटौं जिल्ला वार्षिक साधारण सभा गौर रेडक्रस सभाहलमा सम्पन भएको छ । सो साधारण सभामा आ.व.२०७९ साउन देखि २०८०/८१ को लागि वार्षिक प्रतिवेदन तथा प्रस्तावित कार्यक्रम जिल्ला शाखा मन्त्री धर्मेन्द्र प्रसाद सिंहले प्रस्तुत गरेका थिए। संगठनात्मक विकास विशिष्ट सदस्य संख्या ९, आजीवन सदस्य संख्या ८ सय ५५, साधारण सदस्य संख्या ३ सय ७, जुनियर युवा रेडक्रस सदस्य संख्या १४ हजार ३ सय २७ रहेको छ। उपशाखा १२ वटा, सहयोग समिति ५ वटा, जुनियर युवा रेडक्रस सर्कल संख्या ९५ वटा रहेको मन्त्री सिंहले जानकारी दिए ।

आगलागी पीडित परिवार १ सय ३६ लाई सहायता, सितलहरबाट पीडित १ सय ५ जनालाई कम्बर वितरण गरिएको छ। रक्तदान कार्यक्रम विभिन्न संघसंस्थाकोतर्फबाट १२ पटक गरिएको छ । त्यस्तै २०७९/०८० का आर्थिक प्रतिवेदन जिल्ला शाखाका कोषाध्यक्ष राम अधार राय यादवले ४२ लाख ८२ हजार २२६ रुपैयाँ ५७ पैसा मध्ये खर्च २८ लाख २९ हजार १६० रुपैयाँ २५ पैसा खर्च भइ हाल नगद तथा बैंक मौज्दात अनुमाति आय ४७ लाख २० हजार ८८९ रुपैयाँ ३२ पैसामा विभिन्न शिर्षकहरुमा ३३ लाख ६१ हजार खर्च तथा बाँकी मौज्दात १३ लाख ५९ हजार ८८९ रुपैयाँ रहको बताए ।

प्रत्येक उपशाखालाई तालिममा एवं आयआर्जनतर्फ अग्रसर गराउने खालका जिल्ला शाखा तर्फबाट हुने गरी कार्यक्रम राखिएको छ । विनाशकारी भूकम्प कात्तिक १७ गते जाजरकोट बझाङ, अछामका हजारौं परिवारहरु प्रभावित भएकोले उद्धार तथा राहत सेवाको लागि गौर बजार एवम् बोर्डिङ स्कुलबाट चन्दा संकलन ८१ हजार ७ सय र रौतहट जिल्ला शाखाबाट १९ हजार ४०१ गरी १ लाख १०१ रुपैयाँ मधेश प्रदेश आठ जिल्लाकोमध्ये रौतहट जिल्ला प्रथम भएको जानकारी दिइएको छ ।

दुई वर्षको कार्यकालमा ४ कर्मचारी पाल्दै १४ लाख गरी सञ्चित गरेको र केन्द्र तथा पालिकाको सहयोगमा शाखामा तालिम हल तथा दुई वटा कोठा बिस्तार गरी आर्थिक तथा भौतिक रुपले संस्थालाई समितिको सहकार्यमा मजबुत सभापति राजकिशोर प्रसाद यादवले बताए ।

प्रमुख अतिथि मधेश प्रदेश सभाका नेपाल रेडक्रस सोसाइटीका सभापति मो.फुलमहमद मियाले आठ जिल्लामध्ये रौतहट जिल्ला आफ्नो श्रोत, साधनमा रचनात्मक काम गरेको र पीडित परिवारलाई केन्द्रमा विवाद भएको कारणले माग बमोजिम राहत दिनमा असमर्थ रहेको बताए ।

**पुनः वाम...**

सबै कम्युनिस्ट पार्टीहरुसँग सहकार्य र एकता गरेर जानुपर्ने निष्कर्ष निकालेको हो। समाजवादी मोर्चाले एकता र छलफल गर्ने भनी तय गरेका दलहरुमा नेकपा एमालेसहित नेकपा मशाल, मोहन वैद्य किरण, आहुती, ऋषि कट्टेल लगायतले नेतृत्व गरेको पार्टी लगायत छन् ।

यो सँगै नेपालमा पुनः एमाले समेतको वाम एकताको लागि ओपचारिक पहलकदमी शुरु भएको छ । हाल समाजवादी मोर्चाको संयोजकमा नेत्र विक्रम चन्द विप्लव छन् । छलफलको निष्कर्ष अनुसार उनले कम्युनिस्ट पार्टीहरुसँग संवाद गर्नेछन् । विप्लवको नेतृत्वमा शनिबार प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा मोर्चाको बैठक बसेको थियो । सोही बैठकले मोर्चालाई विस्तार गर्न एमालेसहितका वामपन्थी शक्तिहरुसँग संवाद गर्नुपर्ने निचोड निकालेको हो। नेकपाका नेता अनिल शर्माका अनुसार अब मोर्चाका संयोजक विप्लवले समाजवादी मोर्चामा आबद्ध हुनको लागि अन्य दलहरुलाई आह्वान गर्नेछन् । उनले पत्रकारहरुसित भनेका छन्, 'अब समाजवादी मोर्चाको तर्फबाट एमालेसहित नेकपा मशाल, मोहन वैद्य किरण, आहुती, ऋषि कट्टेल लगायत सबैले नेतृत्व गरेको पार्टीसँग संवाद हुनेछ ।'

नेता शर्माकाअनुसार समाजवादी मोर्चाको बैठकले समाजवादी मोर्चाका नाराहरुको भित्ते लेखन गर्ने, झण्डा ब्यानरबाट प्रचार गर्ने, सातै प्रदेशमा एक/एक वटा गोष्ठी गर्ने र समाजवादी मोर्चाको मुखपत्र प्रकाशन गर्ने तयारी अघि बढाएको छ ।

**कांग्रेसमा...**

बढाएको प्रष्ट देखियो । कांग्रेसका पुराना नेता खुमबहादुर खड्काले चलाएको हिन्दू राज्य पुनर्स्थापनाको एजेण्डालाई भण्डारीले महासमितिमा लगेका थिए ।

सनातन हिन्दूराष्ट्र पुनर्स्थापना महाअभियानका संयोजक रहेका भण्डारीले केन्द्रीय कार्य समितिमा समेत आफ्नो एजेण्डालाई पुरक प्रस्ताव भनेर प्रस्तुत गरेका थिए । त्यो प्रस्ताव महासमितिको समापन समारोहमा भण्डारीले सुनाए पनि ।

कांग्रेस नेतृत्वले भण्डारीलाई त्यस्तो सुविधा दिनुको पछाडि हिन्दू राष्ट्र पुनर्स्थापनाको पक्षमा देखिएको महासमिति सदस्यहरुको संख्या थियो । भण्डारीले गरेको दावी अनुसार, ४२ जना पार्टी केन्द्रीय सदस्यले धर्मको पक्षमा हस्ताक्षर गरेका थिए । महासमिति सदस्यहरुबीच चलाइएको हस्ताक्षर अभियानमा एक हजार बढीले समर्थन गरेका थिए। यो यसअघिका महासमितिमा भएको हस्ताक्षर संकलन भन्दा धेरै हो। २०७८ मा काठमाडौंमै सम्पन्न महासमिति बैठकमा ७ सय जनाले हस्ताक्षर गरेका थिए। यसको ९ वर्ष अगाडि त्रिवेणीमा पनि हस्ताक्षर संकलन भएको थियो। तर त्यसबेला यसको आधा जति संख्या थियो। गोदावरी महासमितिमा पुग्दा महासमिति सदस्यहरु मात्रै नभएर केन्द्रीय सदस्यहरुको समेत समर्थन बढेको छ। पूर्वमहामन्त्री शशांक कोइरालाले समापनका क्रममा समेत धर्म निरपेक्षताको विरोध गरे । उनले मुलुकलाई धर्म निरपेक्ष घोषणा गर्नु गलत भएको घोषणा गर्दा हलबाट तालीले स्वागत गरिएको थियो ।

**अन्तर्राष्ट्रिय...**

उल्लेख गरेका छन् । नेपालका म्यानपावर कम्पनीबाट इजरायलको कृषि क्षेत्रमा कामदार पठाउन पाउनुपर्ने निजी क्षेत्रको माग छ । सरकारीस्तरमा ठूलो संख्यामा कामदार जान नसकेको इजरायलमा निजी क्षेत्रलाई कामदार पठाउने अवसर नदिँदा नेपालीले पाउने सम्भावित रोजगारीका अवसर गुमिरहेको धेरैको टिप्पणी छ ।

**सभामुखको...**

चेतना छैन । सरकारले यो कसरी लागू गरिरहेको छ र यो भित्र भ्रष्टाचार हुनसक्छ ? भन्ने कुरा कसैको जानकारीमा छैन ।'

भ्रष्टाचार भइरहेको हो भने त्यसलाई रोक्ने कानुन निर्माणमा लाग्ने प्रतिवद्धता भने सभामुख घिमिरेको आएन । बरु क्यान्सर जस्ता घातक रोग लाग्नै नदिन चेतनामूलक कार्यक्रम सञ्चालनका लागि आवश्यक पहल गर्ने उनको प्रतिवद्धता थियो । जनतामा चेतनाको अभावमा त्यस्ता घातक रोगहरू लाग्ने भएको र त्यसलाई लाग्नै नदिने गरी जनप्रतिनिधिहरुले चेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने भन्दै उनले क्यान्सर रोगको निदानका लागि आवश्यक ऐन, कानून बनाउने कुरामा सक्दो सहयोग गर्ने आश्वासन दिए ।

'रोग लाग्नु भन्दा अगाडि नै समय समयमा चेक गर्ने आवश्यकतालाई हामीले बुझाउन सकिरहेका छैनौं । यस मानेमा जनप्रतिनिधिहरूले यसलाई बुझाउने कुरालाई भयावह छ भनेर आत्तिएर बस्ने होइन कि त्यस रोगको उपचारको तयारी गर्ने हो' सभामुख घिमिरेले भनेका छन्, 'रोग लाग्न नदिने गरी चेतना फैल्याउने काम जनप्रतिनिधिहरुले पनि गर्नुपर्छ ।'


**सुरुङ्गा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**मधुपट्टी, सप्तरी**
**मधेश प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रथम पटक प्रकाशित मिती : २०८०/११/१३**

यस नगरपालिकाबाट अत्यावश्यक औषधीहरु खरिदका लागी मिती २०८०/१०/१६ गते विद्युतिय माध्यमबाट प्रकाशित सूचना बमोजिम दर्ता हुन आएका सिलवन्दी बोलपत्रहरु मुल्यांकन गर्दा तपसिलका वोलपत्र स्वीकृतका लागी छनौट भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) को प्रयोजनको लागी यो ७ दिने सूचना प्रकाशित गरिएको छ ।

| क.स. | सूचना नं. | बोलपत्र दर्ताको नाम ठेगाना | कवोल रकम मुअकर वाहेक |
|---|---|---|---|
| १. | SRNG–SAPT–G–SCB–08–80/081 | ओमिसा मेडिको प्रा.लि. सबैला नगरपालिका ७ धनुषा | ६,१५,२५०.०० |

**प्रमुख प्रशासकीय अधिकृत**



**काठ/दाउरा बिक्री लिलाम सम्बन्धी २१ दिने सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८०/११/१३ गते**

जिल्ला कैलाली घोडाघोडी नगरपालिका वडा ५ मा रहेको यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट आ.ब.२०७९/२०८० मा सकंलन भएर उत्पादन भै घाटगद्दी गरि राखिएको साल, साज जातको काठ गोलिया १६ थान को २२०.७२ क्यु .फिट काठ, साजको दाउरा ०.५ चट्टा दाउरा सामुदायिक वनको घाटगदिमा मौज्दात रहेकाले शिलबन्दी बोलपत्रद्वरा लिलाम बिक्री गर्नुपर्ने भएकाले इच्छुक व्यक्ति, सघं र सस्थां, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरि २२औं दिनमा शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ ।

विस्तृत जानकारीको लागि सूचना यस सा.ब.उ.स को कार्यलय तथा सम्बन्धि अन्य कार्यलयहरुमा समेत सूचना टाँस गरिएको व्यहोरा समेत सूचित गरिन्छ।

**श्री घोटेली सामुदायिक वन उपभोक्ता समूह**
**घोडाघोडी नगरपालिका वडा ५, कैलाली**



**श्री मालवासे सामुदायीक वन उपभोक्ता समुह**
**रौतामाई गाउँपालिका ४ उदयपुरको समुह बाहिर**

**काठ विक्रि सम्बन्धी सूचना**

यस सामुदायिक वनबाट आर्थिक बर्ष २०७९/०८० मा संकलन गरी घाट गद्दि गरेका लट लट नम्बर १ को खोटे सल्ला थान १०९ को १५६९.९५ क्युफिट, लट नम्बर २ को खोटे सल्ला थान १३३ को १५७४.१९ क्युफिट लट नम्ब ३ को खोटेसल्ला थान ७ को १०२.५२ क्युफिट जे जो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री समुह बाहिर गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ। पूर्ण व्यहोराको सूचना समूहको सूचना पाटीमा टांस गरिएको छ।



**काठ बिक्री लिलाम सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८०/११/१३**

कञ्चनपुर जिल्ला लालझाडी गाउँपालिका-५ स्थित अपि सा.व.उ.स को वन क्षेत्रबाट उत्पादन भई सा.व.उ.स. को घाटगद्दीमा राखिएको कुल ९१ गोलिया थानको परिमाण ४०९.८२ क्यूफिट खयर जातको काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी शिलबन्दी बोलपत्रद्वारा बिक्री गर्न पर्ने भएकोले ईच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनमा दिउसो ठिक १२ बजेभित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धि विस्तृत जानकारीको लागी यस सा.व.उ.स. को कार्यालयमा सम्पर्क राख्न सकिने छ। पूर्ण व्यहोराको सूचना यस सा.व.उ.स. को कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ।

**सम्पर्क नम्बरः ९८६२४६६८४३ (अध्यक्ष) ९८४२८९२८२४ (सचिव)**

# 'रास्वपाप्रति जनताले देखाएको उत्साहले पुराना पार्टीहरुलाई ज्वरो आउँछ'

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
कपिलवस्तु, १२ फागुन

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले कपिलवस्तुको खुला सभामा जनताले देखाएको उत्साहले अब पुराना पार्टीहरुलाई ज्वरो आउने बताएका छन् । रास्वपा कपिलवस्तुले आयोजना गरेको खुला सभालाई सम्बोधन गर्दै सभापति लामिछानेले देशले चिनेका नभए पनि रास्वपासँग देशलाई चिनेका एक-एक असल मान्छे रहेको बताए । उनले जनताका कुरा स्पष्ट राख्न सक्ने मान्छे रास्वपाबाट सांसद बनेको बताए ।

उनले घण्टीको आवाज सदनमा पनि जोडदार बज्ने गरेको र अब यतिले मात्र नपुग्ने भन्दै कपिलवस्तुका जनतालाई आउँदो निर्वाचनमा घण्टी बजाउने सासंद पठाउन अनुरोध गरे । सभापति लामिछानेले भने, 'जबसम्म हामी राम्रो काम गर्छौं हाम्रो समर्थन गर्ने र गलत गर्दाका दिन हामीलाई कपिलवस्तु छिर्न नदिने हो । जनताले यसरी सोच्नुपर्छ । घण्टी तबसम्म बजाउनुस् जबसम्म हामी इमानको राजनीति गर्छौं ।'



आफूलाई माया गर्ने देशभरका जनतालाई भेट्न देशभर दौडिएको भन्दै उनले समाचारमा आउने हेडलाइन र आरोपले केही पनि असर नगर्ने बताए । 'म देशभरिका बा-आमासँग शीर निहुराउन जानेको छु, तर कोठामा बसेर कसैले षड्यन्त्र गरेको भए त्यो भण्डाफोर पार्न र त्यसको हिसाब पनि राख्न जानेको छु,' उनले भने, 'यो शीर तमाम बा-आमाहरुले आशिर्वाद दिएको शीर हो, कसैले छेदन गर्न खोज्दैमा केही असर पर्नेवाला छैन । हामी असल उम्मेदवार लिएर आएका छौं, अब घण्टी बजाउँछौं । अब देशमा कसैले भोको पेट बस्न नपरोस्, कसैका छोराछोरी शिक्षाबाट बञ्चित हुन नपरोस्, कोही स्वास्थ्य उपचारबाट बञ्चित हुन नपरोस्, यही संकल्प लिएर हिडेका छौं ।'

हिजो कांग्रेसले एमालेलाई, एमालेले कांग्रेसलाई वा माओवादीले कांग्रेस एमालेलाई गाली गरेर समय खेर फालेको भन्दै उनले अहिले सबै मिलेर रास्वपालाई कमजोर पार्ने काममा लागिरहेको आरोपसमेत लगाए ।

जति घेराबन्दी र चरित्र हत्या गर्न खोजिएको छ, त्यसको हिसाब अब नेपाली जनताले दिने भन्दै उनले भने, 'एउटा सामान्य सञ्चारकर्मी र सामान्य मान्छेलाई सारा नेपालीको माया मिलेको छ, मलाई यति भन्दा केही चाहिएको छैन, अब यही पुँजीलाई जोगाएर आउँदो निर्वाचनमा रास्वपाको नेतृत्वको सरकार बनाउने छौं र ३४ वर्षसम्म देश कसरी कसले लुट्यो एक-एक हिसाब निकाल्ने छौं ।'

## उपचारबाट वञ्चित बालकलाई आर्थिक सहयोग



लमजुङ/मस-लमजुङ बेसिशहर नगरपालिका ११ चिति रामचोक बेसिका उपचारबाट वञ्चित ५ वर्षीय बालक युवराज वि.कलाई आर्थिक सहयोग गरिएको छ । एम. आर. एड्भरटाईजङ्ग एजेन्सीका प्रबन्ध निर्देशक राजेन्द्र प्रजापतिले विभिन्न व्यक्तिहरुबाट संकलित ५८ हजार ७ सय ७० रुपैयाँ बालकको घरमै पुगेर हस्तान्तरण गरेका हुन् । २०७८ सालमा लडेर खुट्टा भाँचिएका बालकको आर्थिक अभावका कारण उपचार हुन सकेको थिएन । सहयोग हस्तान्तरणमा बेसीशहर नगरपालिका ११ का वडा सदस्य विजय राज सेढाई, कन्यादेवी युवा क्लबका अध्यक्ष पारस कुमार श्रेष्ठ, सपोर्ट मिडिया प्रा. लि.का अध्यक्ष राकेश श्रेष्ठ, समाजसेवी राजेश श्रेष्ठ, अर्जुन राज अर्जुन सेढाई, ऋषिराज सेढाई र नबिन परियार लगायत स्थानीयहरुको उपस्थिति रहेको थियो ।

यस्तै युवराजको अवस्था बुझेपछि राष्ट्रिय ट्रमा सेन्टरले निःशुल्क उपचार गर्ने आश्वासन दिएका एम. आर. एड्भरटाईजङ्ग एजेन्सीका प्रबन्ध निर्देशक प्रजापतिले जानकारी दिए ।

## बालविवाह न्यूनीकरणका लागि सडक नाटक

**कमल कुमाल/मध्यान्ह**
कालीकोट, १२ फागुन

स्थानीय स्तरमा हुने बालविवाह, घरेलु हिंसा तथा सामाजिक सञ्जालबारे सचेतना जगाउने उद्देश्यले कालीकोटको ग्रामिण क्षेत्रमा बालविवाहविरुद्धको सडक नाटक सम्पन्न भएको छ । युरोपियन युनियनको प्लान इन्टरनेशनल फेडो नेपाल कालीकोटको आर्थिक सहयोग, कर्णाली हट बोर्डिङ स्कुल कालीकोटको सहकार्य तथा सामुदायिक प्रहरी सेवा केन्द्र कालीकोटको आयोजनामा प्रतिमा चोक नजिकै सडक नाटक प्रर्दशन गरिएको थियो ।



पछिल्लो समयमा बालविवाह, घरेलु हिंसा तथा सामाजिक सञ्जालबाट हुने घटनाहरु बढ्दै गएकाले त्यसको न्यूनीकरणका लागि जनचेतनामूलक कार्यक्रमले एकदमै महत्वपूर्ण भूमिका खेल्ने जिल्ला प्रहरी कर्यालय कालीकोटले जनाएको छ ।

जिल्लामा बढ्दो बालविवाहका विरुद्ध सचेत गराउने उद्देश्यले प्रस्तुत गरिएको सडक नाटकमा सानो उमेरमा विवाह गर्दा बालबालिकाहरु शिक्षाबाट वञ्चित हुने, घरेलु हिंसामा पर्ने र स्वास्थ्यमा गम्भीर असर पार्नेजस्ता विषयहरु समेटिएका थिए । सडक नाटक कार्यक्रम समापन गर्दै प्रमुख जिल्ला अधिकारी गणेश नेपालीले बालविवाह गर्नु कानूनी अपराध भएकाले यस्ता सडक नाटकले बालविवाहमा कमी ल्याउन सहयोग पुग्ने बताए ।

## लमजुङ सेवा समाज कतारले पायो नयाँ कार्यसमिति, नेतृत्वमा बसौला सर्वसम्मत

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, १२ फागुन

कतारमा स्थापित सामाजिक संस्था लमजुङ सेवा समाज कतारको पन्ध्रौं अधिवेशन सम्पन्न भएको छ । दुई चरणमा सम्पन्न अधिवेशनको बन्द सत्रबाट आगामी एक कार्यकालका लागि विनोद प्रसाद बसौलाको अध्यक्षतामा नयाँ कार्यसमिति सर्वसम्मत चयन भएको छ ।

कार्यसमितिको प्रथम उपाध्यक्षमा कल्याण थापा, द्वितीय उपाध्यक्षमा विनोद थापा मगर, महिला उपाध्यक्षमा कमला गुरुङ, महासचिव रवीन्द्र भण्डारी, सचिव प्रशान्त कुमार, कोषाध्यक्ष-राज श्रेष्ठ र सह-कोषाध्यक्ष रवीन्द्र घिमिरे सर्वसहमत चयन भएका छन् ।

त्यस्तै कार्यसमिति सदस्यहरूमा नारायण अधिकारी, वासुदेव पाण्डे, पवन थापा मगर, खुसी मिया र कुमारी गुरुङ निर्वाचित भएका छन् ।



बेसिशहर नगरपालिका संयोजकमा परशुराम थापा, मध्य नेपाल संयोजकमा जनक कार्की, राइनास नगरपालिका संयोजकमा देव बहादुर अधिकारी, दोर्दी गाउँपालिका संयोजकमा रामचन्द्र अधिकारी, क्व्होसोथार गाउँपालिका संयोजकमा फगेन्द्र गुरुङ, मर्स्याङ्दी गाउँपालिका संयोजकमा टेक बहादुर गुरुङ, दूध पोखरी गाउँपालिका संयोजकमा कृष्ण गुरुङ चयन भएका छन् ।

शुक्रबार सनैयामा अवस्थित फुलवारी रेस्टुरेन्टको सभा हलमा समाजका अध्यक्ष सिताराम थापाको अध्यक्षता तथा गण्डकी प्रदेश समन्वय परिषद् कतारका अध्यक्ष सागर पौडेलको प्रमुख आतिथ्यतामा खुल्ला सत्र सम्पन्न भएको थियो । अधिवेशनमा कतारमा स्थापित विभिन्न वैचारिक, सामाजिक जिल्ला संस्थाका प्रमुख तथा प्रतिनिधि,बुद्धिजीवी,कलाकार पत्रकारहरूको उपस्थितिसहित शुभकामना मन्तव्य रहेको थियो ।

शुभकामना मन्तव्य राख्दै प्रमुख अतिथि पौडेलले लमजुङ समाज कतारमा स्थापित गण्डकी प्रदेशको खम्बाको रूपमा रहेको बताए । पौडेलले मिलेर समाजमा पृथक काम गर्दै अगाडि बढ्ने विश्वास व्यक्त गरे ।

कार्यक्रममा आफ्नो कार्यकाल कुशलतापूर्वक सम्पन्न गरेको भन्दै समाजका निवर्तमान अध्यक्ष सिताराम थापालगायतका टिमलाई बिदाइ ज्ञापन गरिएको थियो । समाजले लमजुङमा विभिन्न सामाजिक कार्य गर्दै आएको छ । गैरआवासिय नेपाली ताराका विजेता रुस्तम तामाङ र नृत्य विद्याकी विजेता निरु श्रेष्ठलाई सम्मान गरिएको थियो भने कुमारी गुरुङ, कमला गुरुङ, मगंल वि.क र पूर्व अध्यक्ष नवराज नखोलालाई दोसल्ला ओढाएर सम्मान पत्रसहित सम्मान गरिएको थियो । समाजले आयोजना गरेका विभिन्न कार्यक्रममा विभिन्न तह र तप्काबाट सहयोग गरेका विभिन्न संस्था, कलाकार तथा पत्रकार हरूलाई कृतज्ञता पत्रद्वारा सम्मान गरिएको थियो । कार्यक्रममा सुमी गुरुङ, टल्की तामाङ, बाबु कौशल, देव विश्वकर्मा, राजकुमार महर्जन, पदम सेन्चुरी लगायतका कलाकारहरूले आफ्नो गायन तथा नृत्य पेस गरेका थिए ।

समाजका प्रथम उपाध्यक्ष विनोद प्रसाद बसौलाले स्वागत मन्तव्य राखेको कार्यक्रमको सहजिकरण तथा कार्य प्रगति प्रतिवेदन पेस महासचिव विनोद थापाले गरेका थिए । सभापति थापाले आफ्नो कार्यकालमा ठूला-ठूला काम नसकेता पनि भावनाको हिसाबले सामाजिक सेवा गर्ने मन र सहयोगी हातहरू अथाह कमाएको आभास भएको बताए । पदीय कार्यकाल सकिएपनि सामाजिक सेवाको लगाव कहिले न घट्ने प्रतिबद्धता व्यक्त गर्दै खुल्ला सत्रको समापन गरेका थिए ।

## आगलागीमा एक घर जलेर नष्ट

**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, १२ फागुन

जुम्लाको पातारासी गाउँपालिकामा आगलागी हुँदा एक घर जलेर नष्ट भएको छ । जिल्ला प्रहरी कार्यालय जुम्लाका प्रहरी निरीक्षक यमबहादुर बुढाका अनुसार पातारासी गाउँपालिका २ तल्फि गाउँ निवासी कलसिंह सार्कीको दुईतले ढुंगामाटोले बनेको घरमा आगलागी भएको हो ।

जिल्ला प्रहरी कार्यालय जुम्लाका अनुसार शुक्रबार राति साढे ११ बजे सो घरमा आगालागी हुँदा अन्दाजी ४१ लाख १५ हजार रुपैयाँ बराबरको क्षति भएको छ । रातभर स्थानीय र प्रहरीले आगो नियन्त्रणमा लिएका थिए । आगलागी के कारणले भयो भन्ने बारेमा अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले बताएको छ ।

आगलागीमा मानवीय क्षति भने नभएको प्रहरीले बताएको छ । गाउँपालिकाकी उपाध्यक्ष जनमाया रोकाया घरभित्र सुतिरहेका दुई जना ज्येष्ठ नागरिक र बालबालिकालाई गाउँका युवाहरुले उद्धार गरेको जानकारी दिइन् ।


### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६५/०९/०६ मा दर्ता भएको **प्रा लि नं ५८७०९/२०६५/०६६** को **त्रिवेणी डिजिटल रेकर्डिङ स्टुडियो प्रा.लि.**को मिति २०८०/११/१२ मा सम्पन्न विशेष साधारण सभा बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वैच्छिक खारेजी लिक्विडेसनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः रोशन कुमार बजिमय,** **ईजाजत प्र.प.नं. २२१**
**ठेगानाः त्रिपुरेश्वर, काठमाडौं** **मोवाईल नं. ९८४१३६९७७१**



### लिखु गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
**यसम, ओखलढुंगा**
**कोशी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मितिः २०८०/११/१३**

यस कार्यालयबाट मिति २०८०/०९/०२ तथा २०८०/१०/०९ गतेमा www.bolpatra.gov.np/egp मार्फत बोलपत्र आव्हान सम्बन्धी सूचना अनुसार रितपूर्वक अनलाईन पेश हुन आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतीको लागि सिफारिस भई आए बमोजिम, सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का न. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम रु. (मु.अ.कर र P.S. बाहेक) |
|---|---|---|---|
| LRM/NCB/ROAD /2080/81-03 | Construction of Blacktop Road and Drain of Bichariahal Kutidanda Road at Likhu Rural Municipality-2, Okhaldhunga | Singhadevi-Jimba JV, Manthali-1, Ramechhap | 1,77,47,442.06 |
| LRM/NCB/ WATERSUPPLY /2080/81-01 | Supplying and Laying of Water Supply GI Pipes at Likhu Rural Municipality Ward no.1&2, Okhaldhunga | Simana Nirman Sewa Pvt.Ltd., Lokanthali Bhaktapur | 47,58,200.01 |

**प्रमुख प्रशासकीय अधिकृत**



### नेपाल सरकार
### वन तथा वातावरण मन्त्रालय
**सिहदरवार, काठमाडौं**

**लुम्बिनी प्रदेश बर्दिया जिल्लाको गुलरिया नगरपालिका बार्ड नम्बर १, २, ३, ४, ५, ६, ७, ८, ९ र १० लाई प्रत्यक्ष प्रभावित पार्ने गरी श्री जलस्रोत तथा सिँचाइ विभाग, बबई सिँचाइ आयोजनाद्वारा निर्माणका लागी प्रस्तावित बबई सिँचाइ आयोजनाको पश्चिम मूल नहर (चेनेज २८+००० देखी ४१+२००), शाखा/प्रशाखा नहर निर्माण आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदनमा रायं सुझावको लागि आह्वान गरिएको सम्वन्धमा ।**

**सार्वजनिक सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८०/११/१३**

प्रस्तावक श्री जलस्रोत तथा सिँचाइ विभाग, बबई सिँचाइ आयोजनाद्वारा निर्माणका लागी प्रस्तावित बबई सिँचाइ आयोजनाको पश्चिम मूल नहर (चेमेज २८+००० देखी ४१+२००), शाखा/प्रशाखा नहर निर्माण आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदन प्राप्त भएको छ ।
प्रस्तावित सिँचाइ आयोजनाका विभिन्न संरचनाहरुको निर्माणका लागि जम्मा ३८०.३९ हेक्टर (स्थायी ३७४.४८ हेक्टर र अस्थायी ५.९१ हेक्टर) जग्गा आवश्यक पर्ने जसमा स्थायी रुपमा निजी स्वामित्वको ३७४.२७ हेक्टर र सामुदायिक वन क्षेत्र ०.२१ हेक्टर र अस्थायी ५.९१ हेक्टर निजी स्वमित्वको प्रयोग गरिनेछ ।
आयोजनाबाट प्रभाव पर्ने जिल्ला/नगरपालिका/ गाउँपालिका:

| | |
|---|---|
| प्रभाव क्षेत्रमा पर्ने जिल्ला/न.पा./गा.पा. | लुम्बिनी प्रदेश बर्दिया जिल्लाको गुलरिया नगरपालिका वार्ड नम्बर १, २, ३, ४, ५, ६, ७, ८, ९ र १० |

प्रस्तावित सिँचाइ आयोजनाले बबई नदीको स्रोत प्रयोग गरी ६,१०७ हेक्टर कमाण्ड क्षेत्रमा सिँचाइ पुर्याउने लक्ष्य लिएको छ । मूल नहर (चेनेज २८०००० देखी ४१+२००) को लम्बाई १३.२ किलोमिटर मूल नहरको बेडको चौडाइ १.२ मिटरदेखी ४ मिटरसम्म र क्षेत्राधिकार ५ मिटरदेखी ४३ मिटरसम्म रहने र डिजाइन डिस्चार्ज ६.६५४ देखी ०.३८ क्युमेकसम्म र बेडको उचाइ १४७.१ मिटरदेखी १३४.७ मिटरसम्म रहने गरि प्रस्ताव गरिएको छ । बलेपुर्वा शाखा १.५ किलोमिटर, चौबुर्जी शाखा ३.१ किलोमिटर, पदमपुर शाखा ४.९ किलोमिटर, तुलापुर शाखा १ किलोमिटर, घुम्नाहा शाखा ४.४५ किलोमिटर, हसनपुर शाखा २.५ किलोमिटर, कालाबन्जर शाखा ०.७५ किलोमिटर, सोनापुर शाखा ३.५ किलोमिटर, सुहेलवा शाखा ४.१ किलोमिटर र थपुवा शाखा ५.७५ किलोमिटर लम्बाई रहने र प्रशाखा नहर १४९ वटा र Field outlets ५४९ वटा रहनेछन् ।
आयोजनाका थप संरचनाहरुमा एक्वीडक्टस १ वटा इस्केप ३ वटा स्पिलवे ४ वटा Weir २ वटा बक्स कल्भर्ट १९६ वटा Village road brifge २४ वटा Drain Under Pass ३ वटा रहनेछन् भने यस आयोजनाबाट लाभन्वित घरपरिवार १२,४३८ रहनेछन् भने विद्यमान खेतीको सघनतालाई १६० प्रतिसतवाट २२७ प्रतिसत पुर्याउने भनि प्रस्ताव गरिएको छ ।
अतः वातावरण संरक्षण नियमावली, २०७७ को नियम ९ को उपनियम (६) बमोजिम यस प्रतिवेदनमा राय-सुझाव दिनका लागि सर्वसाधारणले प्रतिवेदन पढन वा उतार गरी लैजान पाउने ब्यबस्था रहेकोले श्री जलस्रोत तथा सिँचाइ विभाग, बबई सिँचाइ आयोजनाद्वारा निर्माणका लागी प्रस्तावित बबई सिँचाइ आयोजनाको पश्चिम मूल नहर (चेनेज २८,००० देखी ४१+२००), शाखा/प्रशाखा नहर निर्माण आयोजना प्रस्तावको बातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन प्रतिवेदन देहाय बमोजिमका स्थानहरुमा सार्वजनिक गरिएको र वन तथा वातावरण मन्त्रालयको Website: www.mofe.gov.np मा समेत सार्वजनिक गरिएको छ । प्रतिवेदनमा उपयुक्त राय सुझाव प्राप्त भएमा यस मन्त्रालयले उक्त प्रस्ताव कार्यान्वयनका लागि स्वीकृति दिने क्रममा त्यस्ता राय-सुझावहरुलाई समेत ध्यानमा राखिनेछ । उक्त प्रतिवेदन सम्वन्धमा सर्वसाधारण व्यक्ति वा संस्थाको कुनै राय-सुझाव भए यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले सात (७) दिनभित्र आफ्नो राय सुझाव निम्न ठेगानामा पठाई दिनु हुन यसै सूचनाद्वारा आव्हान गरिन्छ ।

**प्रतिवेदन अध्ययन वा उतार गर्न सकिने स्थानहरुः-**

श्री ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको पुस्तकालय, बबरमहल, काठमाण्डौ ।
श्री नेपाल राष्ट्रिय पुस्तकालय, हरिहर भवन, ललितपुर । (हाल मुकामः सानोठिमी भक्तपुर)
श्री त्रिभुवन विश्वविद्यालय, केन्द्रीय पुस्तकालय, कीर्तिपुर, काठमाण्डौ ।
श्री पुस्तकालय, संसद सचिवालय, सिंहदरवार, काठमाण्डौ ।
श्री आदिवासी तथा जनजाति महासंघ नेपाल, कुसुन्ती, ललितपुर । (फोन नं. कुसुन्ती-५५५५४५४, महाराजगंज-४४१५३७६) श्री जिल्ला समन्वय समितिको कार्यालय, गुलरिया, बर्दिया ।
श्री गुलरिया नगरपालिका नगर कार्यपालिकाको कार्यालय, बर्दिया ।

**राय सुझाव पठाउने ठेगाना,**
वन तथा वातावरण मन्त्रालय,
वातावरण प्रभाव अध्ययन शाखा, सिंहदरवार, काठमाडौं ।
फो.नं. ०१-४२११५६७, ४२११६३८ फ्याक्स नं. ०१-४२११८६८
Email: info@mofe.gov.np



### KUWAIT मा वैदेशिक रोजगारको अवसर

**कम्पनी: PROPAINTERS FOR PAINTS AND DECORATION MATERIALS COMPANY** **शहर: Kuwait**
**पूर्व स्वीकृत मितिः २०८०/०७/१८ चलानी नं.: ६०२०९७९७ LT. No.: 293393 पून विज्ञापन**

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Painters | 6 | 0 | स. काममा दक्ष | 120 | ५१,६२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० फागुन २० गते (3 March 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Govt Lic. NO. 647/063/064
SHARON MANPOWER SERVICES PVT. LTD.
P.O. Box : 10443, Maharajgunj-04, Kathmandu, Kapan Marg
Phone : 01-4370530, 01-4370922, 01-4370457
URL: www.sharonmanpower.com
Email: sharonhrsolution@gmail.com, Info@sharonmanpower.com



GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara,
Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoonemos.co.np
www.harvestmoongroup.com

मध्यान्ह
www.madhyanhadaily.com
१३ फागुन २०८०, आइतबार
25 February 2024, Sunday

## सम्पादकीय

# चित्कार नसुन्ने सत्ता

महिना दिनसम्म कष्टपूर्ण पैदल यात्रा गरेका मिटरब्याज पीडितहरूले राजधानीमा थप सास्ती खेप्नु परिरहेको छ । उनीहरू महाकाली–चितवन–काठमाडौं पैदल यात्रा अभियानमा बुधबार (९ फागुनमा) राजधानी आइपुगेका हुन् । राजधानी आएपछि उनीहरू आफ्नो कुरा सिंहदरबारलाई सुनाउन चाहन्थे । मिटरब्याजबाट पाएको कष्टपूर्ण जीन्दगी बुझाउन उनीहरूले कठिन यात्रा गरेका थिए । तर उनीहरूले सिंहदरबार छेऊ पनि पुग्न पाएनन् । शुक्रबार उनीहरू सिंहदरबारतर्फ अगाडि बढ्दै गर्दा भद्रकालीमै रोकिए । प्रशासनले निषेधित क्षेत्र घोषणा भएकाले सिंहदरबार छेऊसम्म उनीहरूलाई पुग्न दिएन । हतियारले सज्जित प्रहरीका सामु जर्जर शरीले अगाडि बढाउन नसकेपछि मिटरब्याज पीडितहरू भद्रकाली परिसरमै प्रदर्शनमा सीमित भए । तर त्यहीबाट भएपनि उनीहरूले आफ्नो कष्टपूर्ण जीन्दगीले खोजिरहेको न्याय सुनाए ।

सामाजिक सञ्जाल र आमसञ्चार माध्यमहरूबाट पीडितहरूले पाएको कष्ट, यात्राका क्रममा लागेका चोट अनि साहुमहाजनले दिएको दुखहरू आफ्नो अनुहारमा देखाएका छन् । तर महिना दिनसम्म हिडेर राजधानी आइपुगेका पीडितहरूको कष्ट सरकारले सम्बोधन गर्ने सुर देखाएको छैन । विगतका घटनाक्रमले पनि सरकारले पीडितहरूलाई न्याय दिलाउने पक्षमा नरहेकै प्रष्ट हुन्छ । किनकि उनीहरू यसरी राजधानी आइपुगेको यो पहिलोपटक होइन । उनी लामो समयदेखि न्यायको मार्चमा छन् । उनीहरूको न्यायिक मार्चलाई लिएर राजनीति गर्ने शक्तिहरू नयाँनयाँ रूपमा देखिने गरेको छ । विवादित ब्यापारी दुर्गा प्रसाईंले पीडितहरूलाई आन्दोलनमै उतारेका थिए । तर उनले पीडितहरूको भावनामाथि खेलेर राजतन्त्रको वकालत गरिरहेका छन् ।

विपक्षमा पुग्ने राजनीतिक शक्तिले पनि मिटरब्याज पीडितको पीडालाई आफ्नो राजनीतिक हतियार बनाउने गरेका छन् । अहिले सत्तामै रहेका दलहरूका नेताहरू पनि सत्ता बाहिर हुँदा मिटरब्याज पीडितको पक्षमा बोल्ने गर्थे । तर जब सत्तामा पुगे, उनीहरूले मिटरब्याज पीडितलाई न्याय दिलाउने ठोस् पहल लिएनन् । यदि ठोस् पहल लिएका हुन्थे भने राजधानीको चिसो सिरेटो सहेर पीडितहरू प्रदर्शनमा आउने थिएनन् । कतिसम्म भने पीडितहरूलाई न्याय दिने भनेर ल्याएको विधेयक समेत पीडितमैत्री भएन । त्यसैले उनीहरू मिटरब्याज पीडितहरू अनवरत न्यायको लडाइँमा हिडिरहनु परेको छ । तर सत्ताले भने उल्टै शासक बस्ने र रहने क्षेत्र नजिकसम्म पीडितलाई पुग्न नदिने नीतिका साथ निषेधाज्ञा जारी गरेर बसेको छ । गत मंसिरदेखि जारी निषेधाज्ञाको समय लगातार बढाउँदै लगिएको छ । निषेधाज्ञाकै कारण पीडितहरूले सिंहदरबार छेऊ पुगेर आफ्नो कुरा सुनाउन पाएका छैनन् । उनीहरूकै भनाइमा, न्यायको यो यात्रा टुंग्याएर घर फर्कन सक्ने अवस्था समेत छैन । तर सत्ताले बुझ्नुपर्छ, यस्तो अवस्थाले लोकतान्त्रिक शासन प्रणालीको आधार बलियो बनाउँदैन ।

## तपाईंको राशिफल

मेष : जग्गा खरिद हुने योग छ । व्यापारिक प्रगति राम्रो हुनेछ ।

वृष : विशेष कामले यात्रा हुनसक्छ । सबै कार्यमा सावधानी राख्नुपर्छ ।

मिथुन : अनावश्यक जिम्मेवारी लिनु हुँदैन । व्यापारिक कार्यहरूमा राम्रो लाभ हुनेछ ।

कर्कट : आहारमा ध्यान दिनुहोला । पेटसम्बन्धी समस्याको योग छ ।

सिंह : विरोधी कमजोर हुनेछन् । मन व्याकुल रहनेछ ।

कन्या : पारिवारिक जीवन सुखी रहनेछ । उत्साहमा वृद्धि हुनेछ ।

तुला : धर्मपालनामा रूची देखिन्छ । चारैतिर प्रभाव बढ्नेछ ।


वृश्चिक : स्वास्थ्य लाभ हुनेछ । कार्यमा प्रगति हुनेछ ।

धनु : विदेश यात्राको योग छ । हतार गर्नु हुँदैन ।

मकर : सबै कार्यमा प्रगति हुनेछ । वाणी संयम राख्नुहोला ।

कुम्भ : धार्मिक कार्यमा खर्च हुनेछ । स्वास्थ्यमाथि ध्यान दिनुस् ।

मीन : सामान्यरूपले समय बित्नेछ । यात्रा हुने योग छ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# सूचनाको हकबाट वञ्चित श्रमिक

*वैदेशिक रोजगारमा जाने हरेक कामदारहरूले सुक्ष्मरूपमा उल्लेखित सबै तह र तप्काहरूका बारेमा यथेष्ट जानकारीसहितको ज्ञान हासिल गरेको हुनुपर्दछ । तर सरकार मातहतका संस्थाहरू र निजी संघ संस्थाहरूको कार्यक्षेत्र र क्षेत्राधिकारको बृहत् अध्ययन र जानकारीको अभावमा नेपाली श्रमिकहरूले आफ्नो अधिकार र जीवन सुरक्षाको बारेमा सोचेजस्तो फाइदा लिन सकेका छैनन् ।*

अग्रलेख



● ख्याम नारायण मानन्धर

वैदेशिक रोजगार सञ्चालनको कार्य-क्षेत्राधिकार भित्र अभिन्न अंगका रूपमा राज्य संरक्षित निकायहरू वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार बोर्ड, श्रम तथा सामाजिक सुरक्षा मन्त्रालय, अन्तराष्ट्रिय नेपाली दुतावास र राहदानी विभाग, अध्यागमन विभाग छन् भने हालै सामाजिक सुरक्षा कोषको नाममा अर्को संस्थाको नाता सम्बन्ध पनि थपिएको छ । वैदेशिक रोजगार कम्पनी, बैंक तथा वित्तीय संस्थाहरू, अभिमुखिकरण तालिम प्रदायक संस्था, भाषा तथा सीप विकास तालिम, जीवन बीमा कम्पनी, मेडिकल संस्था, विज्ञापन एजेन्सी र प्रहरी रिपोर्टका लागि नेपाल प्रहरी पनि प्रत्यक्ष संलग्न रहेका क्षेत्रहरू हुन् ।

वैदेशिक रोजगारमा जाने हरेक कामदारहरूले सुक्ष्मरूपमा उल्लेखित सबै तह र तप्काहरूका बारेमा यथेष्ट जानकारीसहितको ज्ञान हासिल गरेको हुनुपर्दछ । तर, सरकार मातहतका संस्थाहरू र निजी संघ संस्थाहरूको कार्यक्षेत्र र क्षेत्राधिकारको बृहत अध्ययन र जानकारीको अभावमा नेपाली श्रमिकहरूले आफ्नो अधिकार र जीवन सुरक्षाको बारेमा सोचे जस्तो फाइदा लिन सकेका छैनन् । करिब साढे दुई दशकभन्दा बढीको वैदेशिक रोजगार इतिहासमा वि.सं. २०६१ भदौ १२ मा भएको इराक हत्या काण्डदेखि हाल रूसी सेनामा भर्ति हुनका लागि भैरहेका मानव तस्करका दुःखद अवस्थाहरू नेपाली श्रमिकहरूका लागि अकल्पनीय क्षणहरू हुन, जुन ज्ञानको अभाव, दलाल र मानव तस्करहरूको प्रलोभन, स्वदेशमा रोजगारीको अभाव र भविष्यको अन्यौलताको परिणामहरू हुन् ।

बाध्यात्मक अवस्थामा वैदेशिक रोजगारीमा जाने नेपाली श्रमिकहरूलाई राष्ट्रिय परिचयपत्र, राहदानी बनाउनेदेखि रोजगारीमा जाँदासम्म राज्यले नै हजारौं रकमको खर्च गराइसकेको अवस्था हुन्छ । साथमा वैदेशिक रोजगार कम्पनी र यससँग सम्बद्ध अन्य संघ संस्थाहरूको लागत खर्च भने लाखौंमा पुगेको अवस्था छ । सरकार रेमिट्यान्सको मात्र आश गर्छ श्रमिकहरूबाट तर, उनीहरूले गरेको लगानीको प्रतिफल र रगत–पसिनाको मूल्यको भने जवाफदेहिता र उत्तरदायित्व बहनमा गोहीको आँसु चुहाउँछ । सरकार भन्छ- नेपाली कामदारहरूलाई विदेश श्रममा रहेको अवस्थामा कुनै कानुनी साथ सहयोग आवश्यक परेमा कल्याणकारी कोषको रकमको आधारमा प्रत्येक समस्याहरूको समाधान गर्नेछ । तर, हालै भारतले आठ जना आफ्ना नागरिकहरूलाई कुवेतबाट मृत्युदण्ड दिँदै गर्दा कुटनैतिक सहयोगमा फिर्ता गरेको समाचार छ । तर, नेपाल सरकार भने आफ्ना नागरिकहरूलाई त्यस्तो खबर आउँदै गर्दा गुमनाम देखिन्छ, फगत सामाजिक सञ्जालबाट सहयोगको याचना एकमात्र विकल्प देखिन्छ, तिनका परिवारहरूमा ।

अब हरेक श्रमिकहरूले वैदेशिक रोजगारीमा जानुपूर्व नेपाल सरकारका सम्बद्ध निकायहरूको काम कर्तव्य र अधिकारको कार्य क्षेत्रका बारेमा सुक्ष्म अध्ययन र जानकारी लिएकै हुनुपर्दछ । सोहीअन्तर्गत केही निकायहरूको सुक्ष्म कार्यक्षेत्रहरू प्राथमिकतामा उल्लेख गर्दै गर्दा वैदेशिक रोजगार बोर्डको सचिवालयका केही आधारभूत कामहरूमा : मृतकका परिवारलाई आर्थिक सहायता, अलपत्र कामदारहरूको उद्धार, अङ्गभङ्ग/बिरामी कामदारहरूलाई आर्थिक साहयता, कामदारको शव झिकाउने, कामदारका परिवारलाई स्वास्थ्य उपचार सहयोग, अभिमुखीकरण तालिमको शोध भर्ना आदी हुन् । यसैगरी सामाजिक सुरक्षा कोषमा पनि कामदारका परिवारलाई स्वास्थ्य उपचार सहयोग, लगानीका आधारमा पेन्सन योजना, ऋण सुविधा यसका आधारभूत पक्षहरू हुन् । वैदेशिक रोजगार बीमामा लगानीका आधारमा आवधिक जीवन बीमा भनेर भनिन्छ, जसले श्रम



स्वीकृति लिएर वैदेशिक रोजगारमा गएकाहरूका हकमा मृत्यु वा दुर्घटना भएमा सोको क्षतिपुर्ति रकम रू. १० लाखसम्म उल्लेख छ, सोका लागि उमेर हद १८ देखि ६४ वर्षसम्म (औसत दुई वर्ष छ महिनाका लागि १८-३५ तीन हजार ७०८ रुपैयाँ, ३६-५० सम्मको लागि चार हजार ९३१ रुपैयाँ र ५१-६४ वर्षसम्मका लागि नौ हजार ४६३ रूपैयाँ लगानी अनिवार्य शर्त हो सो बापतको सुविधाहरू मृत्यु भएमा १० लाख रुपैयाँ, अन्तेष्टि खर्च एक लाख रुपैयाँ, पूर्ण तथा आंशिक अशक्तता खर्च (शारिरिक क्षतिको आधारमा सम्बन्धित डाक्टरको सिफारिसमा) पाँचदेखि १०० प्रतिशतसम्म, मुख्य व्यक्तिको क्षति वापत दुई लाख रुपैयाँ, शव ल्याउन कार्गो खर्च एक लाख रुपैयाँ, गम्भीर प्रकृतिका बिरामी भएमा पाँच लाख रुपैयाँ र औषधि उपचार खर्च एक लाख रुपैयाँ उपलब्ध हुन्छ । जसमा नेपालमा कुल १५ वटा जीवन बीमा कम्पनीहरूबाट यो सुविधा उपलब्ध छन् । यसैगरी वैदेशिक रोजगार विभाग वेवसाइटमा वैदेशिक रोजगारसँग सम्बन्धित निकायहरूको निम्न विवरण उल्लेख छ, जसको आ-आफ्नै कार्यक्षेत्र र जिम्मेवारी छन्-

१. *इजाजत प्राप्त संस्थाहरू*
२. *अभिमुखिकरण प्रदान गर्ने संस्थाहरू*
३. *बीमा कम्पनीहरू*
४. *आबद्ध बैंकहरू*
५. *स्वास्थ्य संस्थाहरू*
६. *एजेन्ट*
७. *मेनपावर शाखा कार्यालयहरू*

राज्यले सुविधाहरू दिँदै गर्दा श्रम स्वीकृति लिएर रोजगारीमा गएका कामदारहरूलाई अतिरिक्त सुविधाहरू : १. प्रारम्भिक शेयरमा आरक्षण, २. बैंकमा रेमिटान्स खाता र व्याजदर र ३. एयरपोर्ट भन्सारमा सुविधा । सरकारले भिजिट भिषामा जाने विशेषतः मलेसियालगायत खाडी देशहरूमा जाँदा विशेष व्यवस्था गरेकोमा आफ्ना परिवारहरूसँग भेटघाटका लागि अमेरिका, युरोप, अस्ट्रेलिया जस्ता देशहरूमा जाँदा समेत दुईतर्फी हवाई टिकट र सटही पाँच सय डलर अनिवार्य व्यवस्था गर्ने अनुरोध गरेको छ । यस्ता विशेष जानकारी श्रमिकहरू वा सम्बन्धित अन्य पक्षहरूको पनि जानकारी लिन पाउने अधिकारमा सरकार ओझेलमा परेको अवश्य हो ।

२०७९ चैत्र ०८ मा वर्तमान प्रधानमन्त्रीले औपचारिकरूपमा वैदेशिक रोजगारमा जाने नेपाली कामदारहरूका लागि सामाजिक सुरक्षा कोषमा सहभागी हुन अनिवार्य व्यवस्था गरेको अब एक वर्षको निकटमा छ । सरकारले अनिवार्य गरेको व्यवस्थामा नयाँ वा पुनः श्रम स्वीकृति लिने लाखौं श्रमिकहरू बाध्यात्मक अवस्थामा सहभागी भएका छन् । श्रमिकहरूलाई यसबारेमा पर्याप्त सूचना र उक्त व्यवस्थाको उपदेयिताको ज्ञान अभावका कारण सामाजिक सुरक्षामा मासिकरूपमा लगानी गरिरहनुपर्ने र पर्छ भन्ने थाहा छैन । उनीहरूको सोचाइँमा यो श्रम स्वीकृतिका लागि अनिवार्य छ भन्ने मात्र ज्ञान छ । सायद, यो व्यवस्था लागु भएको एक वर्ष पुग्नै लाग्दा राज्यले यसको प्रभावकारिताको समीक्षा गर्ला तर, यत्ति भन्न सक्छौं कि वैदेशिक रोजगारीमा गएका लाखौं श्रमिकहरूले सामाजिक सुरक्षा कोषको सदस्यता भने पाँच प्रतिशतले पनि निरन्तरता दिएका छैनन् ।

अब सरकारले यसको औचित्यता र सार्थकता पुष्टि गर्ने बेला आएको छ । यदि एक पटक भुक्तानी भएको सामाजिक सुरक्षा योजनाको रकम भुक्तानी लिन उनीहरूको ६० वर्षको उमेरहद पूरा गर्नुपर्नेछ, त्यस समयसम्म कामदारहरूले उक्त रकमको माया मारिसकेको अवस्था हुनेछ । सरकारले सामाजिक सुरक्षा कोषलाई निरन्तरता नदिने कामदारहरूको हकमा उक्त रकम सम्बन्धित पक्षको इमेल वा परिवारको मोबाइल मेसेज गरी नविकरण गर्न सम्झाउने, त्यति हुँदा पनि नगरे बैंक खातामा रूजु गरी बचत रकम फिर्ता जम्मा गरिदिँदा उपयुक्त हुन्छ । अन्यथा, लाखौं श्रमिकहरूको पसिनाले राज्यलाई धिक्कार्ने छ ।

यस्तैगरी वैदेशिक रोजगारीमा रहेका अधिकांश श्रमिकहरूमा उनीहरू विदेशमा रहेको अवस्थामा एकाघरका परिवारलाई नेपालमा नै गम्भीर प्रकृतिका रोगहरू लागेमा औषधी उपचार खर्च बापतको ५० हजार पाउँछन् भन्ने बारेमा पनि जानकारी अभाव रहेको छ । मृतक कामदारहरूका छोरा-छोरीहरूले पाउने विद्यालय स्तरको छात्रवृत्तिका अतिरिक्त सीप विकास मुलक शैक्षिक छात्रवृत्ति कक्षा १२ पश्चात पनि निःशुल्क पाउँछन् भन्ने बारेमा पनि थाहा नभएको व्यवहारिकरूपमा देखिन्छ । साथै, वैदेशिक रोजगार प्रबर्द्धन बोर्डबाट पत्र लिएर एयरपोर्टबाट लाश घर ठेगानसम्म पुऱ्याउने व्यवस्था जुन बीमाले समेट्ने भन्दा फरक छ, साथै बीमा र बोर्डको क्षतिपुर्तिलाभमा कट्टी करको फर्च्योट हुन्छ भन्ने पनि थाहा छैन । मात्र बीमाको १० लाख र बोर्डको सात लाखको क्षतिपुर्ति भनेकै श्रम स्वीकृति हो भन्ने जानकारी रहेको पाइन्छ । महिला श्रमिकहरूले अभिमुखिकरण तालिम लिँदा भूक्तानी दिएको सात सयको शोध भर्ना पाइन्छ भन्ने पनि जानकारी अभाव छ । यसैगरी वैदेशिक रोजगारमा जाने कामदारहरूले विदेशमा जाने कम्पनीमा जानका लागि पूरा गर्नुपर्ने प्रारम्भिक प्रक्रियाहरूमा सूचनाको पहुँच न्यून छ । राष्ट्रिय दैनिक पत्रपत्रिकाहरूमा निकालिने विज्ञापन र उक्त विज्ञापनहरूमा उल्लेखित सुविधा र शर्तहरूका बारेमा वैदेशिक रोजगारमा गइसकेका करिब ९० प्रतिशत कामदारहरू अनविज्ञ छन् । विज्ञापनमा प्रेसित अधिकांश बुँदाहरू राज्यको आँखामा छारो हाल्ने प्रकृतिका छन् अर्थात् अव्यवहारिक छन् ।

## सामाजिक सञ्जाल



**- मुमाराम खनाल**

अख्तियारले बयान लिएका मन्त्री र सरकार आफैले गठन गरेको आयोगले डामेका मन्त्री गजधम्म पदमा बसेका मात्र छैनन, सुन्दै पनि कान पाक्ने विषाक्त बचन वर्क्दै हिंडेका छन् । अनैतिक मन्त्रीहरूको निम्न कोटीको हिम्मत कसरी आएको हो, थाहा छ ? सानो दलको अनैतिक प्रमलाई कसैले दुई पैसाको पनि गन्दैनन् ।



**- च्वयन घिमिरे**

लोकतान्त्रिक दल हो, बोल्न पाएका छन्, आफ्ना सफलता लेख्न लेखाउन पाएका छन्, जयजयकार गर्न र गराउन पाएका छन्, बुझेर नबुझेर उत्सव मनाएका छन् । तर राजनीतिमा जे देखाइन्छ त्यो हत्तपत्त हुँदैन, दस्तावेज उधारो बोलीमा पत्याइन्न, सर्वसम्मत वैधानिकरूपमा पारित/पास भएपछि आधिकारिकरूपमा पत्याइन्छ ।



**- विनोद आचार्य**

सत्ता गठबन्धन दल नेपाली कांग्रेस महासमिति बैठकमा व्यस्त भएको र आगामी निर्वाचनमा गठबन्धन गर्न नहुने बहस चलिरहेको बेला दिउँसो प्रधानमन्त्रीको आलोचना बेलुका बालुवाटारमा भेटघाट भनेसी भेट अर्थपूर्ण त हो नै तर, भेट गर्न कस्ले खोजेको ओली या दाहालले लौ भन कांग्रेसजन हो ?



**- ओमकुमार थापा**

सरकार आफैंले बनाएको छानबिन समितिले दोषी करार गरिसकेपछि बालकुमारी घटनाको प्रमुख दोषी प्रकाश ज्वालालाई कारबाही गर्नु त कता हो कता प्रतिवेदन नै थन्क्याएर राख्ने लाचार प्रधानमन्त्री प्रचण्डले सुशासनको कुरा गर्दा अझै पत्याउने जमात छ भने भ्रममा पर्नु बेकार छ ।

# त्रिवि सुधारको बहस

विचार



● सूर्यराज आचार्य

हामीकहाँ समस्या र समाधानका बारेमा चर्को बहस चल्छ । तर, समस्याको जरोमा पुगेर समाधान दिने किसिमको गृहकार्य गर्ने चासो कमैलाई छ । यस्तो बहस अक्सर समस्याप्रतिको सतही प्रतिक्रिया र 'झिल्के' हल्ला-खल्लामा सिमित हुन्छ । त्रिविको भिसी नियुक्ति प्रकरणमा पनि यस्तै भयो । त्रिवि प्रणालीमा गम्भीर समस्या छन् । यी समस्या पछिल्लो दुई-चार वर्षमा सिर्जना भएका समस्या हैनन् । कतिपय समस्याको जरो त्रिवि स्थापनाकालमै पुग्न सक्छ । शिक्षा किन/कसरी भन्ने कुरालाई केन्द्रमा राखी समग्र शिक्षा प्रणालीको गम्भीर समीक्षा गर्नुपर्ने देखिएको छ, तर त्यसो हुन सकेको छैन ।

उच्च शिक्षाका लागि भनेर लाखौंको संख्यामा विद्यार्थी बाहिर जाने र देशभित्रका क्याम्पसमा विद्यार्थी संख्या नपुग्ने ! पछिल्लो चरणमा त विद्यार्थीका लागि आकर्षक ठानिएका प्राविधिक विषयका क्याम्पसमा समेत विद्यार्थी संख्या नपुगेको समाचारले राजनीतिक तहमा पनि दबाव सिर्जना गऱ्यो । प्रधानमन्त्री स्वयम्ले त्रिवि सुधारको आवश्यकता र यस पटक भिसी नियुक्तिमा सुधारमुखी 'नयाँपन' देखाउने सार्वजनिक प्रतिबद्धता व्यक्त गरे । प्रमको चासोले गर्दा पनि यो एजेन्डामाथि अलि फराकिलो वृत्तमा बहस शुरू भयो । देशको सबैभन्दा जेठो र ठूलो त्रिविमा उल्लेख्य सुधार हुनुपर्नेमा सबैको एकमत छ ।

त्रिविको परिणाममुखी सुधारको ठोस 'मार्ग-चित्र' के हो भन्नेमा गजबको अलमल देखियो । वास्तवमा योग्य र सक्षम भिसी नियुक्ति सुधारको प्याकेजको एउटा पाटो मात्र हो । त्रिविको समस्या यति जटिल बनिसकेको छ कि भिसी मात्र जस्तोसुकै भए पनि व्यापक संरचनात्मक सुधार बिना अपेक्षित सुधार सहज छैन । त्यसैले भिसी नियुक्तिको 'ठिकठाक' प्रक्रियाबाट सुधारको अपेक्षा गर्नु अघि त्रिविको समग्र प्रणालीमा समस्या के-के हुन् ? तीनको समाधानका लागि कस्तो नीतिगत हस्तक्षेप र व्यवस्थापकीय उपाय ? भन्नेमा गृहकार्य हुन जरूरी थियो । त्यसका लागि कति अधिकारको कस्तो भिसी ? भन्ने यकिन हुन्थ्यो ।

उच्च शिक्षा सुधारका लागि अपनाउनु पर्ने नीति/कार्यशैली सिफारिस गर्न सन् १९९७ मा सिंगापुर सरकारले विदेशी विश्व विद्यालयका मुर्धन्य प्राज्ञ सम्मिलित एक इन्टरनेशनल एकाडेमिक एडभाइजरी प्यानल (आइएप) गठन गरेको थियो । आइएपको रिपोर्ट सिंगापुरको उच्चशिक्षा सुधारमा निकै सहयोगि बनेको थियो । आइएपको रिपोर्टसमेतका आधारमा सिँगापुरले उच्चशिक्षामा सुरु गरेको सुधारका पहलले गर्दा १५-२० वर्षमा नै नेनशल युनिभर्सिटी अफ सिंगापुर संसारकै 'टप' विश्वविद्यालयको सूचीमा उक्लिन सक्यो । गुणस्तरीय उच्च शिक्षाले 'नलेज-इकनमी'मार्फत सिंगापुरलाई विश्व प्रतिस्पर्धी हुन सघायो ।

त्रिविको नयाँ भिसीको नियुक्तिका लागि चलेको बहस र आनागरिकको चासो उच्चशिक्षा सुधारका लागि सिंगापुरले अपनाएको जस्तो गम्भीर गृहकार्यको बाटोतर्फ मोडिनुपर्थ्यो । त्रिविको परिणाममुखी सुधारको नेतृत्व गर्ने भिसी शिक्षा मन्त्रालयले विज्ञापन गरेर भेटिन्न भन्ने कुरा सहज ज्ञानको विषय हो । त्रिविको अहिलेको अवस्थामा त्रिविलाई आवश्यक क्षमतावान व्यक्ति भिसीको 'जागिर'का लागि निवेदन हाल्न जाँदैन । अन्यत्र पनि भिसी जस्तो महत्वपूर्ण पदका लागि 'खोज्ने' र 'छान्ने' दुवै प्रक्रिया अवलम्बन गरिन्छ । सहकर्मी समुहको तेस्रो पक्षलाई उपयुक्त पात्रलाई सिफारिसको अनुरोध गरिन्छ ।

त्रिविको नयाँ नियुक्तिको चर्चा चल्ने बित्तिकै प्राज्ञिक समुदाय, मिडिया र संसदीय बहस समेतमा 'खुला-प्रतिस्पर्धा'बाट भिसी नियुक्ति भयो भने त्रिविका सबै समस्या 'छु-मन्तर' हुने किसिमको भाष्य सिर्जना भयो । दलीय भागबण्डालाई चिर्न खुला-प्रतिस्पर्धा एक उपाय हो, तर सबै समाधान हैन । तथापि, नयाँ भिसी नियुक्ति र त्रिवि सुधारको छलफल मुलत 'खुला-प्रतिस्पर्धा' वरपर रह्यो । बहसका क्रममा कतिपय प्राज्ञ र शिक्षाविद्का 'त्रिविको समस्यालाई आवश्यकभन्दा बढी उछालिएको' भन्ने दाबीसमेत थिए । कानुन निर्माण र नीतिगत तहमा पनि त्रिविको खास समस्या बारेमा ठूलै अलमल देखियो । त्रिविको विसंगति आम जनचासोको विषय बनेको र त्रिवि प्रणालीमा उल्लेख्य सुधार गर्नुपर्ने दबावमा रहेको राजनीतिक नेतृत्वले राष्ट्रिय बहसमा निकै महत्वका साथ उठाइएको 'खुला-प्रतिस्पर्धा'को मुद्दा समातेर सहज बाटो अख्तियार गरेको छ । त्रिविले भने परिणामुखी सुधारको अवसर गुमाएको छ । किनभने 'खुला-प्रतिस्पर्धा'को माग अनुसार खुला आवेदनका लागि सरकारले विज्ञापन गऱ्यो । आवेदन परे । स्कोरिङ्ग गरियो । सर्ट-लिस्टिङ्ग गरियो । प्रिजेन्टेसन गर्न लगाइयो । अन्तरवार्ता लिइयो । खुला प्रतिस्पर्धाका सबै विधि पुगे । भिसी छानियो । सुधार होला ? कि ' हात्तिआयो, हात्ति आयो फुस्सा' को अवस्था हो ?

त्रिविको प्राज्ञिक कार्यक्रमको संरचना, त्रिवि प्रणालीमा कलेजियट-भावनाको अभ्यास, पाठ्यक्रम, शिक्षण विधि, अनुसन्धान, मौजुदा फ्याकल्टीको प्राज्ञिक योग्यता र कार्यसम्पादनको स्तर, स्रोत-साधनको अवस्थालगायतका समग्र पक्ष समेटिनेगरी नेपाल सरकारले यस्तै आइएप गठन गरोस् । आइएपले माथि उल्लेखित पक्ष समेटेर वस्तुगत संमीक्षासहित सुधारका उपाय सुझाओस् । उच्च राजनीतिक तहले त्रिवि तथा उच्चशिक्षाको सुधार कसरी भन्नेमा चिन्तन र बहस सहित सुधारको स्पष्ट रोडम्याप निर्धारण गरोस् । नत्र हालको जस्तो सतही बहसले समस्या ज्युँकात्युँ रहने छ । *-सामाजिक सञ्जालबाट साभार ।*

# रुस–युक्रेन युद्ध तेस्रो वर्षमा, युक्रेन झनै रक्षात्मक



**काठमाडौं/एजेन्सी–** शनिबार रुसले युक्रेनमाथि आक्रमण गरेको दुई वर्ष पूरा भएको छ र पश्चिमा सहायताको अभावका कारण यो वर्ष युक्रेन कमजोर देखिएको छ भने रुस नयाँ लाभबाट उत्साहित भएको छ। रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले फेब्रुअरी २४, २०२२ को बिहानै ‘विशेष सैन्य अभियान’को घोषणा गर्दा धेरैले केही दिनभित्रै मस्कोले युक्रेनविरुद्ध विजय गर्ने अनुमान गरेका थिए। तर युक्रेनले अहिलेसम्म रुसी आक्रमणको प्रतिकार गर्दै कतिपय स्थानबाट रुसी सेनालाई पश्चगमनगर्न बाध्य बनाएको छ।

तर युक्रेनले सन् २०२३ को प्रत्याक्रमण अनपेक्षित असफल भएपछि धक्का खाएको छ। यो उसलाई आफ्ना सहयोगीले युद्धका लागि प्रतिवद्धता गरे अनुसारको हतियार र आर्थिक सहयोगको अभावका कारण भएको रुस-युक्रेन युद्धबारे नजिकबाट जानकारी राख्ने विश्लेषकहरुले बताएका छन् । रुसी सेनाले युद्ध उत्पादनको वृद्धिका कारण शक्तिको स्थिति निर्माण गरेको छ, जबकि युक्रेनका सैनिकहरुसँग जनशक्तिको कमी छ र तोपखाना र हवाई प्रतिरक्षाको लागि पश्चिमी-आपूर्ति गरिएको गोलाबारुदको यथेष्ठ आपूर्ति नहुँदा सुस्त गतिमा रक्षात्मक लडाइ लडिरहेको छ। राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले हतियार आपूर्तिसम्बन्धी निर्णय ‘प्राथमिकता’ हुनुपर्ने बताएका छन् । युरोपेली आयोगकी प्रमुख उर्सुला भोन डेर लेयेनलगायत पश्चिमा नेताहरुले युक्रेनको ‘असाधारण प्रतिरोध’को प्रशंसा गर्दै शनिबार कीएभ आइपुगेका छन् । तर अमेरिकी कंग्रेसले ६० अर्ब अमेरिकी डलरको सहायता कार्यक्रम रोकेपछि युक्रेनका लागि समग्र तस्वीर अन्धकारमय बनेको छ। यो प्रतिज्ञा गरिएको सहयोगको आपूर्तिको ढिलाइको शीर्षस्थानमा आएको छ। अमेरिकी राष्ट्रपति जो बाइडेनले रिपब्लिकन सांसदहरुलाई थप अनुदान नरोक्न पुनः आह्वान गर्दै ‘इतिहासले पर्खिरहेको’ र ‘यस महत्वपूर्ण घडीमा युक्रेनलाई समर्थन गर्न असफल भएको दिन’ नबिर्सिइने दोहो¥याएका छन्।

**युद्ध नै दैनिकी**

रुसले पूर्वमा कडा आक्रमण गरिरहेको छ र फेब्रुअरी १७ मा डोनेट्स्क नजिकैको मारिङ्का शहरले अति बलियो किल्ला भएको शहर अब्दाइभ्का कब्जा गरेपछि पछिल्लो आक्रमणको केन्द्रविन्दु बनेको छ । युक्रेनको अर्थव्यवस्थामा पोलिश किसानहरुको सीमा नाकावन्दीले पनि असर पारेको छ जुन कीएभले निर्यातलाई खतरामा पारेको र हतियारको आपूर्ति रोकेको बताएको छ।


## UAE मा रोजगार | कम्पनी : JAI AKASH TECHNICAL WORKS LLC
शहरः UAE

पूर्व स्वीकृत मितिः २०८०/०६/१८ चलानी नं.: ६०२०८७६३ LT. No.: 293649 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Skilled Brick Layer | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,०५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Skilled Building Labourer | 10 | 0 | | 1000 | ३६,०५० | | | | | | | |
| 3. | Skilled Mason | 30 | 0 | | 1000 | ३६,०५० | | | | | | | |
| 4. | Skilled Painter | 10 | 0 | | 1000 | ३६,०५० | | | | | | | |
| 5. | Skilled Scaffolders | 30 | 0 | | 1000 | ३६,०५० | | | | | | | |
| 6. | Skilled Shuttering Carpenter | 60 | 0 | | 1000 | ३६,०५० | | | | | | | |
| 7. | Skilled Steel Fixer | 60 | 0 | | 1000 | ३६,०५० | | | | | | | |
| 8. | Skilled Tile Layer | 10 | 0 | | 1000 | ३६,०५० | | | | | | | |

प्रि-अन्तर्वार्ता धमाधम भइ रहेको छ ।
फाइनल अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० फागुन १९ गते (2 March 2024) मा हुनेछ ।
फाइनल अन्तर्वार्ता चितवन भरतपुरमा २०८० फागुन २० गते (3 March 2024) मा हुनेछ ।
फाइनल झापार काठमाडौंमा २०८० फागुन २१ गते (4 March 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Govt. Lic No.: 402/060/061

N.B. INTERNATIONAL MANPOWER PVT. LTD.
Sinamangal, Kathmandu, Nepal
Email: n.binternationalmanpowerpvt.ltd@gmail.com, fishtailopt@gmail.com
Website: www.nbinternationalmanpower.com.np
Mobile No: 9816032397, 985-1023100, 980-1215758, 984-1672199,
Branch Office No:9852677632, 9801792331, 9815042633


## Golbazar Municipality
## Office of the Municipal Executive
Golbazar, Siraha

### Invitation for Bids

**First date of notice publication: Feb 25, 2024 (Falgun 13, 2080)**

1. Golbazar Municipality has allocated funds towards the cost of Construction of Works as mentioned in the table below. Bidding is open to all eligible bidders as per Section V of Bidding Document.
2. The Office of the Municipal Executive, Golbazar, Siraha invites sealed bids submitted electronically from registered contractors for the Construction of Works as mentioned in the table below under National Competitive Bidding- single stage single envelope bidding procedures.
3. Bidder must submit their bid electronically upon payment of a non-refundable fee of NRs.3000.00 till March 26, 2024, 12:00 hours and download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below:- Information to deposit the cost of bidding document in Bank:
   **Name of Bank:** **Global IME Bank Limited**
   **Deposit Account No:** **5504010000001, Antarik Rajaswa**
4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at PPMO e-GP system www.bolpatra.gov.np/egp.
5. Pre-bid meeting shall be held at the Office of the Municipal Executive, Golbazar, Siraha at 14:00 hrs on March 13, 2024.
6. Electronic bids must be submitted to the Office of the Municipal Executive, Golbazar, Siraha through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 hrs on March 26, 2024. Bids received after this deadline shall not be accepted. The bids shall be opened physically in the presence of Bidders' representatives who choose to attend at 14:00 hrs on the same day at same place.
7. Bids must be valid for a period stated in the table and must be accompanied by a bid security amounting to a minimum of as mentioned in the table below. The bid security shall be valid for 30 days beyond the validity period of the bid. Information regarding the Bid Security deposit in the Bank;
   **Name of the Bank:** **Global IME Bank Limited**
   **Deposit Account No:** **5504010000016, Dharauti**
8. Bidders are advised to visit the sites and access the actual site condition before submitting their bid.
9. All the rules and regulations shall be according to the Federal Laws of Nepal. **Office of the Municipal Executive, Golbazar, Siraha** reserves the right to accept or reject wholly or partially or all the bids without assigning any reasons whatsoever.

The summary of contract is as given below in Table:

| Contract No. | Contract Name | Estimated Cost (Without VAT) NRs. | Cost of Bid Doc | Bid Validity | Bid security/ Bid Validity period |
|---|---|---|---|---|---|
| GolMun/Works/ NCB-06/2080/81 | सिँचाई बोरिङग वडा नं.१,२,३,६,७,९ र १० | 94,26,933.60 | NRs. 3000.00 | 90 Days | 235673/- 120 Days |

**Chief Administrative Officer**

## Far Western University
## Jayaprithivi Multiple Campus
Bhopur, Bajhang

### Invitation for Bids

(First Date of Publication: 2080/11/13 [2024-02-25])

| Contract ID | Project Description | Bid Bond Security, 120 days Validity (NRs) | Minimum Average Annual Construction Turnover of the best three years within the last ten years (NRs) | Minimum Work experience of similar size and nature: (NRs) | Date and Time of Bid Opening |
|---|---|---|---|---|---|
| JPC/NCB/ Works/01/2080/81 | Construction of Ground floor of Academic Building of JayaPrithivi Multiple Campus | 8,00,000.00 | 4,25,00,000.00 | 1,13,00,000.00 | 2080/12/14 (2024-03- 27) 13:00 PM |

Bid Bond Security amount and Cost of bidding document: Rs. 5000 should be deposited at:
- ✓ Name of the Bank: Rastriya Banijya Bank Ltd., Bajhang
- ✓ Name of Account: SU PA BI JAYAPRITHIVI BAHUMUKHI CAM
- ✓ Office Account No.: 4110100008710001


## ZERO COST RECRUITMENT Opportunity for Malaysia!!
## शून्य लागत अन्तर्गत मलेसियामा वैदेशिक रोजगारीको अवसर !!

Free Visa, Free Ticket, Free Medical, No service and processing fees, No Cash Deposits, No salary Deduction, No Mediator, Free Food and Lodging before departure, Free Transportation after Selection from place of residency to airport and Return Transportation along with Accommodation (if required) after completion of Contract or Early Termination with adequate notice. All the fees as per the RBA Definitions of fees will be borne by the employer. (Refer to RBA Definition of Fees).

निःशुल्क भिषा, निःशुल्क टिकट, निःशुल्क स्वास्थ्य जाँच, निःशुल्क भर्ना प्रक्रिया, कुनै नगद जम्मा गर्नु नपर्ने, सेवा शुल्क नलाग्ने, तलब कटौती नहुने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित, निःशुल्क खाना र बसोबास प्रस्थान गर्नु अघि, बस्ने ठाउँबाट एयरपोर्टसम्म छनोट गरेपछि निःशुल्क यातायात र आवाससहित फिर्ता यातायात (आवश्यक भएमा) सम्झौता पूरा भएपछि वा पर्याप्त सूचनाको साथ प्रारम्भिक समाप्ति । शुल्कको RBA परिभाषा अनुसार सबै शुल्कहरू रोजगारदाताले वहन गर्नेछन् । (शुल्कको RBA परिभाषा हेर्नुहोस)

रोजगारदाता कम्पनी : वन सेङ प्लास्टिक इन्डस्ट्रिज एण्ड एसेम्ब्ली एसडिएन. बिएचडी.
Employer Company : Ban Seng Plastic Industries & Assembly Sdn. Bhd.
ठेगाना : पेनाङ, मलेसिया Address: Penang, Malaysia

| | | |
|---|---|---|
| पूर्व स्वीकृत मितिः २०८०/११/०८ | चलानी नं: ६०२१५२६३ | एल टि नं : ३००३०३ |
| Pre Approval Date: 2024/02/20 | Invoice No.: 60215263 | LT No. : 300303 |

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | माग संख्या Required No's महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब Monthly Salary रिङ्गिट MYR | मासिक तलब Monthly Salary ने.रु. NPR | ओभरटाइम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | बार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुबिध Accomodation Facility | करार अबधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | औद्योगिक कामदार Factory Worker | १६ 16 | 0 0 | आधारभूत अंग्रेजी पढ्न, लेख्न र बोल्नमा दक्ष Proficient in reading, writing and speaking basic English | १५०० 1500 | ४१,४१५ 41,415 | कम्पनीको नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | कम्पनीको नियम अनुसार As per the company rule | छैन No | छ Yes | दुई वर्ष 2 Years |

Section: A (Employment Terms and Conditions) खण्डः क (रोजगार नियम र सर्तहरू)
1. Nature of Job: Factory Worker in Manufacturing Sector / कामको प्रकृतिः उत्पादन क्षेत्रमा औद्योगिक कामदार
2. Overtime isn't mandatory but voluntary and is calculated as stated below: ओभरटाइम अनिवार्य होइन तर स्वैच्छिक हो र निम्न अनुसार गणना गरिन्छः
   i. Normal Days: Salary X 1.5 / सामान्य दिनहरूः तलब X १.५
   ii. Rest days: Salary X 2.0 / विश्राम दिनहरूः तलब X २.०
   iii. Public Holiday: Salary x 3.0 / सार्वजनिक बिदाः तलब X ३.०
3. Rest Day: One day in a week in accordance to Labor Law of Malaysia
   विश्राम दिनः मलेसियाको श्रम कानून अनुसार हप्तामा एक दिन
4. Public Holiday: 11 Days in a week in accordance to Labor Law of Malaysia
   सार्वजनिक बिदाः मलेसियाको श्रम कानून अनुसार हप्तामा ११ दिन
5. Leave: विदा :
   i. Annual Leave: 8 Days for the first 2 years of Service / वार्षिक बिदाः सेवाको पहिलो २ वर्षको लागि ८ दिन
   ii. Sick leave: 14 Days for the first 2 years of Service / बिरामी बिदाः सेवाको पहिलो २ वर्षको लागि १४ दिन
6. Medical and Accidental Insurance: Workers are insured under the Current Foreign Workers Compensation (Insurance) Scheme (FWCS) and if applicable, the Foreign Workers Hospitalization and Surgical Insurance Scheme (SPIKPA).
   चिकित्सा र दुर्घटना बीमाः वर्तमान विदेशी कामदार क्षतिपूर्ति (बीमा) योजना (FWCS) र यदि लागू भएमा, विदेशी कामदार अस्पताल भर्ती र शल्य चिकित्सा बीमा योजना (SPIKPA) अन्तर्गत कामदारहरूको बीमा गरिन्छ ।
7. Right to Freedom of Association and Collective Bargaining संघको स्वतन्त्रता र सामूहिक सम्झौताको अधिकार
8. Right to Safe Keep Personal Documents. / व्यक्तिगत कागजातहरू सुरक्षित राख्ने अधिकार ।

| स्वदेशमा बनाउने पासपोर्टको शुल्क कस्ले ब्यहार्ने र कति लाग्ने Who will bear the Passport Making Cost at Origin Country | स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहार्ने र कति लाग्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | बिदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहार्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले ब्यहार्ने/कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कस्ले ब्यहार्ने Who will bear the Visa Cost | भिषा स्ट्याम्पीङ शुल्क कस्ले ब्यहार्ने Who will bear the Visa Stamping Cost | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले ब्यहार्ने How much is the Orientation Cost and who will bear it | कल्याणकारी कोष सम्बन्धी व्यवस्था Management of Workers Welfare Fund | सेवा शुल्क कति लाग्ने र कस्ले ब्यहार्ने How much is the Service Fee and who will bear it | सामाजिक सुरक्षा कोष Social Security Fund |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने उमेर १८ देखि ३५: ने.रु.३७०८।- उमेर ३६ देखि ५०: ने.रु.४९३१।- उमेर ५१ देखि ६४: ने.रु.९४६३।- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | ने.रु.७००।- रोजगारदाताले ब्यहार्ने NPR 700/- By the Employer | ने.रु.१५००।- रोजगारदाताले ब्यहार्ने NPR 1500/- By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रु. २३०८ / Nrs. 2308 / |

Section: B Additional things to Note / खण्डः ख ध्यान दिनुपर्ने थप कुराहरू
1. This is a Zero Cost Recruitment process. Applicants are requested to apply directly without third-party agents. Applicants nor their family members are required to pay any fees, including items of monetary value (i.e: jewelry, livestock, phone, land).
   यो शून्य लागत भर्ती प्रक्रिया हो। आवेदकहरूलाई तेस्रो–पक्ष एजेन्टहरू बिना सिधै आवेदन दिन अनुरोध गरिन्छ। आवेदकहरू वा तिनीहरूका परिवारका सदस्यहरूले मौद्रिक मूल्यका वस्तुहरू (जस्तैः गहना, पशुधन, फोन, जग्गा) सहित कुनै पनि शुल्क तिर्न आवश्यक छैन ।
2. Only pre-selected applicants who attended the Pre-Screening will be considered for the Final Interview. प्रि–स्क्रिनिङमा उपस्थित भएका पूर्व–चयनित आवेदकहरूलाई मात्र अन्तिम अन्तर्वार्ताको लागि विचार गरिनेछ।
3. Recruitment is conducted in accordance with the Freely Chosen Employment Policy, ensuring no bias or discrimination. भर्ती कुनै पूर्वाग्रह वा भेदभाव नभएको सुनिश्चित गर्दै स्वतन्त्र रूपमा रोजिएको रोजगार नीति अनुसार सञ्चालन गरिन्छ।
4. For age verification, applicants must bring two government-issued identity documents (e.g., Passport (if any), Citizenship Card, National Identity Card, Driving License so on).
   उमेर प्रमाणिकरणको लागि, आवेदकहरूले दुईवटा सरकारले जारी गरेको परिचय पत्र (जस्तै, राहदानी (यदि कुनै), नागरिकता कार्ड, राष्ट्रिय परिचयपत्र, ड्राइभिङ लाइसेन्स यस्तै) ल्याउनु पर्छ।
5. Savings, bonds, and deposit programs through the employer or agents are not allowed during recruitment or employment. भर्ती वा रोजगारीको समयमा रोजगारदाता वा एजेन्टहरू मार्फत बचत, धितोपत्र, र निक्षेप कार्यक्रमहरू अनुमति छैन ।
6. Paliv International Pvt Ltd doesn't have any branches, mediators or representative. Paliv International Pvt Ltd is a Zero Cost Recruitment agency, so no payments are to be made for application. यसको कुनै शाखा, मध्यस्थकर्ता वा प्रतिनिधि छैन । पालिभ इन्टरनेशनल प्रा.लि. एक शून्य लागत भर्ती एजेन्सी हो, त्यसैले आवेदनको लागि कुनै रकम भुक्तानी गर्नु पर्दैन ।

Pre-Interview पूर्व अन्तर्वार्ता

Pre-Interview is going on 29th Feb 2024 (Thursday) at Paliv International Pvt.Ltd Office, Kathmandu Mertopolitancity-04 Aruna Lama Marga.
प्रि–अर्न्तवार्ता २०८० फाल्गुण १७ गते बिहिबार पालिभ इन्टरनेशनल प्रा.लि.को कार्यलय, काठमाण्डौं महानगर पालिका –0४ अरुणा लामा मार्गमा हुनेछ ।

Only the Pre-Selected Candidates will be eligible for Final Interview.
पूर्व–चयनित उम्मेदवारहरू मात्र अन्तिम अन्तर्वार्ताको लागि योग्य हुनेछन् ।

Final Interview अन्तिम अन्तर्वार्ता

Final Interview will be Conducted on 3rd March 2024, at Paliv International Pvt.Ltd Office, Kathmandu Mertopolitancity-04 Aruna Lama Marga.
फाइनल–अर्न्तवार्ता २०८० फाल्गुण २० गते आइतबार पालिभ इन्टरनेशनल प्रा.लि.को कार्यलय, काठमाण्डौं महानगरपालिका –0४ अरुणा लामा मार्गमा हुनेछ ।

Grievance Reporting गुनासो रिपोर्टिङ

Feel free to report any type of Ethical Misconduct observed or noticed. It could be reported anonymously.
कुनै पनि प्रकारको नैतिक दुर्व्यवहार अवलोकन वा ध्यान दिएर रिपोर्ट गर्न स्वतन्त्र महसुस गर्नुहोस्। यो गुमनाम रूपमा रिपोर्ट गर्न सकिन्छ।
Report to Paliv: Direct Call/SMS at: +977 9820112700 or Email at palivgrievance@gmail.com
Report to Ban Seng: Direct Call/SMS at: +603 7846 6866 | 7846 2618 | 7846 2620
Paliv लाई रिपोर्ट गर्नः प्रत्यक्ष कल/एसएमएसमाः +977 9820112700 वा palivgrievance@gmail.com मा इमेल गर्नुहोस् । Ban Seng लाई रिपोर्ट गर्नः प्रत्यक्ष कल/एसएमएसमा :+६०३७८४६६८६६, ७८४६२६१८, ७८४६२६२०

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। २.आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३.यस विज्ञापन (सूचना)मा उल्लेखभएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। ४.विदेशजानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघिआफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला।

Information provided by the Department of Foreign Employment(DOFE) 1.Confirm that visa is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Tahachal

PALIV INTERNATIONAL PVT. LTD
पालिभ इन्टरनेशनल प्रा. लि.
श्रम इजाजत नं ११६४/०७३/०७४
Aruna Lama Marga, Maharajgunj, Kathamandu, Nepal Tel: 01-4518268, 4518716, 5911470
Email: info.palivinternational@gmail.com, palivinternational74@gmail.com
Mobile: 9851070598, 9820112703, 9820112706, 9820112708, 9820112709, 9820112713, 9820112700
| www.palivinternational.com

# बक्स अफिस समाचार

## बर्लिनमा 'शाम्बाला'को वर्ल्ड प्रिमियर

**काठमाडौं/मस-** बर्लिन फिल्म फेस्टिभलको ७४औं संस्करणमा नेपालबाट मीन भामद्वारा निर्देशित फिल्म 'शाम्बाला' प्रतिस्पर्धामा छ। बर्लिनको अन्तर्राष्ट्रिय विधामा छानिएको फिल्मको शुक्रबार साँझ फेस्टिभलमा वर्ल्ड प्रिमियर गरिएको छ।

फिल्म प्रिमियर हुनुअघि यसलाई दिइएका ५ वटै पब्लिक शोजका टिकट अग्रिम बुकिङ भइसकेको थियो। प्रिमियर पूर्व निर्देशक भामसहित कलाकारहरु कार्म, थिन्ले ल्हामो, सोनम तोप्देन लगायतले पत्रकार सम्मेलनमा भाग लिए भने उनीहरु बर्लिनको रेडकार्पेटमा समेत हिँडेका थिए। विश्व मिडियासामु उनीहरुले फिल्म निर्माणका अनुभव बाँडे।



पत्रकार सम्मेलनमा निर्देशक भामले बर्लिनमा आफ्नो फिल्म मात्र नभइ नेपालको पनि प्रतिनिधित्व गर्न पाएकोमा खुसी व्यक्त गरे।

तिब्बती र नेपाली भाषामा बनेको यो फिल्ममा कार्मसहितका नेपाली कलाकार पनि छन्। सुनी फिल्म्सले निर्माण गरेको यो फिल्मको अन्तर्राष्ट्रिय वितरण अधिकार बेल्जियमको कम्पनी बेस्ट फ्रेन्ड फरेभरले लिएको छ। निर्देशक भामले सन् २०२४ भित्रै नेपालमा रिलिज गर्ने बताएका छन्।

फिल्म डोल्पाको ४२ सयदेखि ६ हजारको उचाईमा खिचिएको हो। फिल्म नेपालसँगै फ्रान्स, नर्वे, हङकङ, टर्की, ताइवान, अमेरिका र कतारसँगको सहकार्यमा निर्माण भएको हो।


**Provincial Government**
**Ministry of Water Supply, Irrigation and Energy**
## Water supply and Sanitation Division Office
**Koshi Pradesh, Jhapa**

### Invitation for Bids

**Date of first Publication: 2080-11-13 (25th Feb, 2024)**

1. Water Supply and Sanitation Division office, Jhapa invites electronic bids from eligible bidders for following works :

| S. N | Contract Identification Number | Description and Location of Work | Total Estimated Amount (Exclusive VAT) | Bid Security Amount (NRs.) | Fee for each Bid Document (NRs.) | Last Bid Submission date |
|---|---|---|---|---|---|---|
| 1 | WSSDO/Jhapa/ DTDI/07-2080/81 | The Deep Tubewell Drilling and Installation works at Shivasatashi 2-3 Bhorlichaun, Kohobara and Sitapuri Watersupply projects, Jhapa | 1,08,45,384.45 | 303,000 | 3000 | 26th March, 2024 12 Noon |
| 2 | WSSDO/Jhapa/HDPE/08-2080/81 | The Supply and delivery of HDPE PE-100 Pipes At Jhapa | | 270,000 | | |
| 3 | WSSDO/Jhapa/HDPE/09-2080/81 | The Supply and delivery of HDPE PE-100 Pipes At Jhapa | | 275,000 | | |
| 4 | WSSDO/Jhapa/Fittings-Tools/10-2080/81 | The Supply and delivery of Fittings and Tools at Jhapa | | 123,000 | | |
| 5 | WSSDO/Jhapa/Fittings-Tools-Illam/11-2080/81 | The Supply and delivery of Fittings and Tools at Ilam | | 230,000 | | |
| 6 | WSSDO/Jhapa/Fittings-Tools-Ilam/12-2080/81 | The Supply and delivery of Fittings and Tools at Ilam | | 270,000 | | |

Detailed notice can be accessed from www.bolpatra.gov.np/egp

**Division Chief**



## बेलबारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**बेलबारी, मोरङ**
**कोशी प्रदेश, नेपाल**

### विद्युतीय बोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मितिः २०८०/११/११

बेलबारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको आ.व. २०८०/८१ को स्वीकृत बजेट, नीति तथा कार्यक्रम अन्तरगतको तपसिल देहाय बमोजिमका कार्यहरूको खरिद प्रकृया बोलपत्र विधिबाट गर्नु पर्ने भएकाले बोलपत्र आव्हानको सूचना प्रकासित गरिएको छ। इजाजतपत्र प्राप्त निर्माण व्यवसायीहरूले विद्युतीय माध्यमबाट रितपूर्वक बोलपत्र दर्ता गर्नुहुन साथै विस्तृत जानकारीका लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको website https://www.bolpatra.gov.np/egp/ मा हेर्नुहुन समेत सूचित गरिन्छ।

**तपसिल**

| क्र.स | ठेक्का नं. | बोलपत्रको नाम | फारम दस्तुर शूल्क | जमानत रकम रु | लागत अनुमान रु (मु.अ.कर बाहेक) पि.एस.समेत रु |
|---|---|---|---|---|---|
| १ | BM/MOR/W/NCB-18-2080-081 | Construction works of paving block. | ३,०००/- | २,७१,३५०/- | ९२,०२,८७६।१६/- |
| २ | BM/MOR/W/NCB-19-2080-081 | Belbari 5, kasena wada karylai utar 4 no. wada jodne kirshi marg nirman | ३,०००/- | १,५०,०००/- | ५०,७९,४८२।२५/- |

**नोट :**
१) मिति २०८१/०३/२० गते सम्म अनिवार्य रूपमा कार्य सम्पन्न गर्नुपर्नेछ।
२) आंशिक वा पूर्ण रुपमा स्वीकृत वा अस्वीकृत गर्ने अधिकार नगरपालिकामा हुनेछ। अन्य विषय सम्बद्ध कानून बमोजिम हुनेछ।
३) आवश्यक कागजात, शर्त, ठेक्का सम्बन्धि कागजात तथा अन्य विषयहरू https;//www.bolpatra.gov.np बाट हेर्न सकिनेछ।
४) सूचनामा उल्लेखित शर्तहरुको थप प्रष्टीकरण र व्याख्या साथै सूचनामा उल्लेख नभएका अन्य विषयहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ साथै प्रचलित कानून र स्थापित सार्वजनिक हितका मान्यता मुताबिक हुनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**



## मलेसियामा रोजगार
कम्पनी : SECURIGHT SDN BHD
शहरः KUALA LUMPUR

पूर्व स्वीकृत मितिः २०७९/११/११ चलानी नं.: ६०१९७०९७ LT. No.:281490 पून विज्ञापन

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 50 | 0 | स. काममा दक्ष | 1500 | ४१५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० फागुन २० गते (3 March 2024) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझा विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

DREAM RECRUITING SERVICE Pvt. Ltd.
Dream Recruiting Service Pvt. Ltd.
